# लेखापरीक्षण प्रतिवेदन

## बुंगल नगरपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बुंगल नगरपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/494

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
बुंगल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धनकुटा।

**कैफियतसहितको राय**

हामीले बुंगल नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ८७ लाख ९६ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२ करोड ९५ लाख ५४ हजार र अन्य रु.७२ लाख २९ हजार समेत गरी रु.१७ करोड ५५ लाख ७९ हजार समावेश गरेको छैन।
२. नगरपालिकाको रु.१ अर्व ६१ करोड ६३ लाख ३० हजार, लेखापरीक्षण गरिएकोमा रू. ४ करोड ५२ लाख ३८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१८ लाख ८ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रू.६२ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ४ लाख ४८ हजार, नियमित गर्नुपर्ने रु. ७२ लाख ७२ हजार र पेस्की बाँकी रु.९४ लाख १२ हजार रहेको छ। गत वर्षसम्म रु. ४६ करोड ४९ लाख २० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५० करोड ८३ लाख ५० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्नी नलिएका | जम्मा | पेस्की |
| ७० | २६३ | ४,५२,३८,१४८ | ० | ९९ | १८,०८,३८६ | ० | ७० | १६४ | ४,३४,२९,७६० | ६२,९७,४५० | ७२,७२,४१४ | २,०४,४७,८९७ | ० | ० | २,७७,२०,३१२ | ९४,१२,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | ४६,४९,१९,७४४ | ० | ० | ४६,४९,१९,७४४ | ० | ४,३४,२९,७६० | ५०,८३,४९,५०४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३३ | सहजिकरण भत्ता: | १०,७०० |
| २ | २०८०/८१ | २२ | वढी दशैं खर्च भुक्तानी: | २,३२,५०० |
| ३ | २०८०/८१ | ३७ | वढि भुक्तानीः | १९,५२१ |
| ४ | २०८०/८१ | ७७ | भ्रमण खर्चः | २६,२०५ |
| ५ | २०८०/८१ | २१ | नियम विपरितको भत्ता: | ४,२५० |
| ६ | २०८०/८१ | १९ | दोहोरो वैठक भत्ता: | १,६५,४८० |
| ७ | २०८०/८१ | २९ | दोहोरो भुक्तानी: | २५,२५० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | २० | दोहोरो भत्ता: | १,५०,००० |
| ९ | २०८०/८१ | ३४ | घर भाडा: | ३,२४,००० |
| १० | २०८०/८१ | ३९ | खर्चको पुष्याईः | ५,५०,००० |
| ११ | २०८०/८१ | विभिन्न | विभिन्न | ५५,६८० |
| १२ | २०८०/८१ | विभिन्न | विभिन्न | १,४५,८०० |
| १३ | २०८०/८१ | १७ | पेश्की फछ्र्यौट | ९९,००० |
| जम्मा | | | | १८,०८,३८६ |

# (८०७७०४०२३०० - बुंगल नगरपालिका, बझाङ )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणीर न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो। यो नगरपालिका कुल ४४८ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ११ वटा वडाहरुमा बिभाजन गरिएको र सभा सदस्या संख्या ५७ रहेको छ भने २०७८को जनगणना अनुसार पालिकाको कूल जनसंख्या ३३८१२ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।२३ देखि २०८१ ।५।२९ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** नगरपालिकाको आय व्यय रू. १ अर्ब ६१ करोड ६३ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न भएको छ। कारोवारको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-**

लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा वितरण गरी वाँकी रकम र राजश्व आम्दानी दाखिला नभएको रकम समेत रु ४९६५४९। लेखापरीक्षणको क्रममा असुल भई सम्बन्धित शिर्षकमा दाखिला गरेको प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

नगरपालिकाको वित्तिय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ।

| प्राप्तिर भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | चालुआ.ब.को कारोबार | | | गतआ.ब. को कारोबार | | |
| क्र.स./ आर्थिकसङ्केत | विवरण | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ११,९५,४९,३७७.८२ | ० | ११,९५,४९,३७७.८२ | १३,७६,०२,८९८.०० | ० | १३,७६,०२,८९८.०० |
| १३००० | अनुदान | ४५,६४,९६,५२२.५० | ० | ४५,६४,९६,५२२.५० | ४९,२९,५६,१२३.०० | ० | ४९,२९,५६,१२३.०० |
| १४००० | अन्यराजस्व | २४,६१,०९८.९६ | ० | २४,६१,०९८.९६ | ० | ० | ० |
| क | कुलजम्मा प्राप्ति | ५७,८५,०६,९९९.२८ | | ५७,८५,०६,९९९.२८ | ६३,०५,५९,०२१.०० | | ६३,०५,५९,०२१.०० |
| ३ | चालु | ४८,२१,१९,२०६.०० | ० | ४८,२१,१९,२०६.०० | ४९,०३,२२,९२२.०० | ० | ४९,०३,२२,९२२.०० |
| २१००० | पारिश्रमिक / सुविधा | ८,३५,६३,६८४.०० | ० | ८,३५,६३,६८४.०० | १२,२०,७६,२३५.०० | ० | १२,२०,७६,२३५.०० |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ५,६०,३१,८१०.०० | ० | ५,६०,३१,८१०.०० | ६,६२,१४,४७८.०० | ० | ६,६२,१४,४७८.०० |
| २५००० | सहायता (Subsidy) | ३२,४४,२४,४५२.०० | ० | ३२,४४,२४,४५२.०० | २७,२०,५६,५६३.०० | ० | २७,२०,५६,५६३.०० |
| २६००० | अनुदान | ८,५०,०००.०० | ० | ८,५०,०००.०० | ० | ० | ० |
| २७००० | सामाजिकसुरक्षा | १,२५,६८,८९०.०० | ० | १,२५,६८,८९०.०० | २,५०,७६,२०१.०० | ० | २,५०,७६,२०१.०० |
| २८००० | अन्यखर्च | ४६,८०,३७०.०० | ० | ४६,८०,३७०.०० | ४८,९९,४४५.०० | ० | ४८,९९,४४५.०० |
| ४ | पूंजीगत | १२,६७,३०,५८५.२३ | ० | १२,६७,३०,५८५.२३ | १२,५४,१०,७८२.०० | ० | १२,५४,१०,७८२.०० |
| ३१११० | भवनतथा संरचना | १,४५,८१,८७४.२९ | ० | १,४५,८१,८७४.२९ | २,१८,५९,५५६.०० | ० | २,१८,५९,५५६.०० |
| ३११२० | सवारीसाधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ६६,६८,६८३.९४ | ० | ६६,६८,६८३.९४ | १३,५९,४००.०० | ० | १३,५९,४००.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | ३४,२३,४९५.०० | ० | ३४,२३,४९५.०० | १८,४०,०००.०० | ० | १८,४०,०००.०० |
| ३११५० | सार्वजनिकनिर्माण | १०,०५,९२,०५२.०० | ० | १०,०५,९२,०५२.०० | १०,०३,५१,८२६.०० | ० | १०,०३,५१,८२६.०० |
| ३१४१० | जग्गाप्राप्तिखर्च | १४,६४,४८०.०० | ० | १४,६४,४८०.०० | ० | ० | ० |
| ५ | वित्तीय | ० | ० | ० | ० | ० | ० |
| ख) | कुलजम्मा भुक्तानी | ६०,८८,४९,७९१.२३ | | ६०,८८,४९,७९१.२३ | ६१,५७,३३,७०४.०० | | ६१,५७,३३,७०४.०० |
| ग) | बचत /कमी (ग = क-ख ) | -३,०३,४२,७९१.९५ | | -३,०३,४२,७९१.९५ | १,४८,२५,३१७.०० | | १,४८,२५,३१७.०० |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | -१९,१६,०८८.०० | | -१९,१६,०८८.०० | ४०,२८२.०० | | ४०,२८२.०० |
| घ.१) | कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी | -३८,७६,६४४.६० | | -३८,७६,६४४.६० | -१,४३,८४३.०० | | -१,४३,८४३.०० |
| ङ) | यसआ.ब.को नगद तथा | -३,२२,५८,८७९.९५ | | -३,२२,५८,८७९.९५ | १,४८,६५,५९९.०० | | १,४८,६५,५९९.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | | | | | |
| च) | गतआ.व.को नगद तथा बैंक मौज्दात | ४,०८,१०,९१९.०० | | ४,०८,१०,९१९.०० | २,७४,२०,०४२.९७ | | २,७४,२०,०४२.९७ |
| छ) | विनिमयनाफा/घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ८५,५२,०३९.०५ | | ८५,५२,०३९.०५ | ४,२२,८५,६४१.९७ | | ४,२२,८५,६४१.९७ |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३८७९६१९७, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२९५५३९२२, र अन्य रु. .७२२८६६३। समेत गरी रु १७५५७८७८२। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा दुई विवरणमा निम्नानुसार फरक देहायअनुसार गत वर्षको जिम्मेवारी रु. १४७४७२२।९५ , यस वर्षको प्राप्ति रु. २०५७४७९०७।०२,यस वर्षको भुक्तानी रु१७५५९८६८१।७७र बैङ्क मौज्दात रु. १३५८५१८।२३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ४,२२,८५,६४१.९७ | ५७,८५,०६,९९९.२८ | ६०,८८,४९,७९१.२३ | (३,२२,५८,८७९.९५) |
| एकीकृत आर्थिक विवरणअनुसार | ४४४५८९७४ | ७८४२५४९०६।३० | ७८४४४८४७३ | १८६००३६१।७२ |
| फरक | १४७४७२२।९५ | २०५७४७९०७।०२ | १७५५९८६८१।७७ | १३५८५१८।२३ |

२.४ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तहसञ्चित कोष खाता | ११०६१२७.७४ | -४९९९९९.९६ | ६०६१२७.७८ |
| चालु खर्चखाता | १०१८६६९६.५९ | ९०२३०२९.०९ | ११६३६६७.५० |
| पुँजीगत खर्चखाता | ५६६७००९.८७ | ४९८९५४०.८७ | ६६१४६९.०० |
| विविधखर्च खाता | १२६०४०.०० | २००५५१०.९८ | १८७९४७०.९८ |
| विपद व्यवस्थापन खाता | ६००२८.०० | २१४०२२.०० | १५३९९४ |
| धरौटी | २५४२६३.०० | २२३४८६३.५४ | १९८०६००.५४ |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | २२६५१८.३३ | २२६५१८.३३ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | २४८००६.५२ | २४८००६.५२ |
| आन्तरीक अनुदान खाता | ० | १३९२५१२.०० | १३९२५१२.०० |
| जम्मा | १७४००१६५.२० | १९८३४००३.३७ | ८३१२३६६.६५ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.१०१८६६९६।५९ पुँजीगत खातामा रु.५६६७००९।८७, आन्तरिक राजस्व खातामा रु.२२६५१८।३३, राजस्व बाँडफाँड खातामा रु.२४८००६।५२ र आन्तरीक अनुदान खातामा रु.१३९२५१२। समेत रु.१७७२०७४३।३१ मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.६ **कर लगायतको दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर धरौटी कर्मचारी संचय कोष अवकास कोष कट्टी नागरिक लगानी लगायतको दायित्व रु. ३८,७६,६४४.६० देखिन्दछ भने बैंक नगदी किताव अनुसार नगरपालिका चालु तर्फ रु ५७९६२६५।२० र नगरपालिका पूँजीगत तर्फ ११४२४९९।८९ समेत रु ६९३८७६५। दायित्व वाँकी रहेको देखिन्छ । बाँकी दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । पालिकाले वाँकी दायित्व रकम यकिन गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६९,३८,७६५ |

२.७ **कोष तर्फको जिम्मेवारी नसारेको** – अधिल्लो आर्थिक वर्षमा कोष खाताहरुमा रहेको मौज्दात पछिल्लो आर्थिक वर्षमा जिम्मेवारी सारेर मात्र अन्य आम्दानी र खर्चको लेखाँकन गर्नु पर्दछ । नगरपालिकाको गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदमा श्रेस्ता अनुसार संचित कोषमा रु ५११५२७९४। विविध कोष खातामा रु ९५४२००। उल्लेख भएकोमा यसवर्ष संचित कोष, धरौटी खाता, विपद व्यवस्थापन कोष, विविध खर्च खातामा आर्थिक बर्षको सुरुमा मौज्दात जिम्मेवारी सारेको देखिएन । जसले गर्दा गत विगतको जिम्मेवारी यसवर्षको आम्दानी यसवर्षको खर्च भई वास्तविक खाता मौज्दात यकिन गर्न सकिएन । कोष खाताहरुमा अधिल्लो वर्ष रहेको मौज्दात आर्थिक वर्षको सुरुमा जिम्मेवारी सारेर मात्र अन्य आम्दानी खर्च लेखाँकन गरिनु पर्दछ ।

२.८ **आम्दानी लेखाँकन** - पालिकाको संचित कोष आम्दानीको लेखाँकन गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालयले दिएको निकासा अनुसारको आम्दानी जनाउनु पर्नेमा निम्नानुसारका आम्दानी शिर्षकमा कोलेनिकावाट प्राप्त भएको आम्दानीभन्दा घटी वढी हुने गरी आम्दानी लेखाँकन गरेको देखिन्छ ।

| विवरण | कोलेनिका अनुसारको निकासा | सचित कोषमा वाधेको आम्दानी | फरक | कैफियत |
|---|---|---|---|---|
| समानिकरण अनुदान | १३०८५१००० | १२३२८५३७२ | ७५६५६२८ | कोलेनिका निकासा भन्दा घटी आम्दानी वाँधेको |
| संघीय सशर्त अनुदान | २९८९१४८८४ | ३०३१५३१५८ | ४२३८२७४ | कोलेनिका निकासा भन्दा बढी आम्दानी वाँधेको |
| संघीय समपुरक अनुदान | ४१८१८७५ | ३९३६२१६ | २४५६५९ | कोलेनिका निकासा भन्दा घटी आम्दानी वाँधेको |
| प्रदेश समानिकरण अनुदान | १२७८०००० | १२७८०००० | ० | ० |
| प्रदेश सशर्त अनुदान | ५८९७२०६ | ५३६००७४ | ५३७१३२ | कोलेनिका निकासा भन्दा घटी आम्दानी वाँधेको |
| प्रदेश विशेष | ४०००००० | ५१५०७९३ | ११५०७९३ | कोलेनिका निकासा भन्दा बढी आम्दानी वाँधेको |
| राजश्व वांडफाँड | १२०५६१३३१।९४ | ९२७७३४३८।२९ | | बैंक भन्दा घटी आम्दानी वाँधेको |

खर्च लेखाँकन - पालिकाले खर्च लेखाँकन गर्दा प्राप्त स्रोतको सिमा भित्र रही खर्च गर्नुपर्नेमा सुत्र प्रणालीको श्रोतगत आम्दानी खर्चको प्रतिवेदन अनुसार निम्नानुसार खर्च स्रोत शिर्षकमा संचित कोषमा भएको आम्दानी भन्दा बढी खर्च लेखाँकन भएको देखिन्छ ।

| विवरण | सचित कोषमा वाधेको आम्दानी | बैंक नगदी किताव अनुसारको खर्च | फरक | कैफियत |
|---|---|---|---|---|
| संघीय समपुरक अनुदान | ३९३६२१६ | ४१८१८७५ | २४५६५९ | संचित कोषमा आम्दानी भन्दा बढी खर्च |
| प्रदेश सशर्त अनुदान | ५३६००७४ | ५३८४९४३ | २४८६९ | संचित कोषमा आम्दानी भन्दा बढी खर्च |
| प्रदेश विशेष | ५१५०७९३ | ५३६६७८३ | २१५९९० | संचित कोषमा आम्दानी भन्दा बढी खर्च |

पालिकाले कोषहरुमा रहेको गत विगतको मौज्दात जिम्मेवारी नसारेको, कोलेनिकावाट निकासा भएको भन्दा घटी वढी आम्दानी वाँधेको तथा संचित कोषमा भएको आम्दानी भन्दा बढी खर्च लेखेकोले तयार गरेको आय व्यय र संचितकोषको हिसावले कारोवारको यथार्थ चित्रण गर्दछ भनी आश्वस्त हुन सकिएन ।

२.९ **संचित कोष फिर्ता गर्नुपर्ने रकम** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७६ को नियम ४५ १ मा संघिय सञ्चित कोषवाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा वाँकी रहेको शसर्त अनुदान समपूरक अनुदान र विशेष अनुदान रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाको बैंक नगदी किताव अनुसार संघीय हस्तान्तरीत पूँजीगत तर्फ रु २९७५०००।, संचित कोष आम्दानी र खर्च प्रतिवेदन अनुसार रु २०२४७४५। फिर्ता गर्न बाँकी रहेको देखिन्छ। कार्यालयले सुत्रमा निकासा आम्दानी वाँध्दा सम्बन्धित श्रोत अनुसार आय लेखाँकन नगरेकोले निकासा फिर्ता गर्न वाँकी यथार्थ रकम यकिन गर्न नसकिएकोले कार्यालय स्वयँले यकिन गर्नुपर्दछ । बैंक नगदी किताव अनुसार संघीय हस्तान्तरीत पूँजीगत तर्फ रु २९७५०००। फिर्ता गर्न वाँकी देखिएको रकम अविलम्व फिर्ता हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,७५,००० |

३ **बजेट तथा कार्यक्रम**

नगरपालिकाको बजेट तथा कार्यक्रम सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

३.१ **राजश्व परामर्श** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले को राजश्व परामर्श समिति गरी राजश्वको श्रोतगत र क्षेत्रगत रुपमा प्राप्त गर्न सकिने आन्तरीक आयको प्रक्षेपण गरेको छैन। स्थानीय सरकार सञ्चालन ऐन बमोजिम राजश्व परामर्श समितिले राजश्वको श्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने आयको अनुमान गर्न राजश्व परामर्श समिति गठन गर्ने र समितिको नियमित बैठक बसी पालिकाको आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३.२ **श्रोत अनुमान तथा सिमा निर्धारण समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्राक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको स्रोत अनुमान समितिको बैठक बजेट प्रस्तुत गर्ने दिन भन्दा ११ दिन अगाडि अर्थात २०८०।२।२९ मा बसेपनि वडागत र पालिकाको लागि क्षेत्रगत बजेट सिलिङ नतोकी एकमुष्ट रु ६१,८६,५६ हजारको सिमा निर्धारण गरेको छ । ऐनको व्यवस्था बमोजिम समितिले बैसाख १० गते भित्र बजेट स्रोत, सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र समितिले आगामी आर्थिक वर्ष पछि २ आर्थिक वर्षको बजेट प्रक्षेपण गर्ने कार्य समेत गरिनु पर्दछ ।

३.३ **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । पालिकाको बजेट तर्जुमा समिति गठन नगरेकोले बार्षिक बजेट यकिने नगरेको तथा बजेट वाँडफाँड, विषयगत र क्षेत्रगत वजेट वाँडफाड सम्बन्धी छलफल तथा योजनाको प्राथमिकीकरण गर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम वीच तादाम्यता तथा परिपूरकता गर्ने कार्य गरेको छैन ।यसमा सुधार हुनुपर्दछ ।

३.४ **नगर सभा**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। पालिकाले २०८०।३।१० मा बार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, २०८० विनियोजन ऐन, २०८० र आव २०८०।८१ को बजेट प्रस्तुत गरे पनि वजेट पेश गर्दा कूल बजेट चालु खर्च पूंजीगत खर्च छुट्याई सभामा पेश गरेको पाईएन। सुत्रमा प्रविष्ट कार्यक्रम परियोजना बजेट विनियोजन अनुसार सभाले २०८०।३।३१ मा रु.६२ करोड ५३ लाख ८१ हजारको वजेट पारित गरेकोमा स्रोत अनुमान समितिले अनुमान गरेको आय भन्दा रु.६७ लाख २५ हजार बढी बजेट पेश तथा पारित गर्दा आ व २०७९।८० मा भुक्तानी दिन वाँकी १२४ योजनाको लागि रु.३ करोड १५ लाख समावेश गरेको छ । गत वर्षको वित्तिय प्रतवेदनमा रु.४ करोड ४४ लाख ५८ हजार ९७४। मौज्दात रहंदा रहंदै रकम अभाव भएको भनी कार्यपालिकाले भुक्तानी दिन वाँकी प्रमाणीत गरेको उचित देखिंदैन ।

३.५ **हिउँदे सभा** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम चालू आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुँदैन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ मा सभाको वैठक सामान्यतया बर्षमा २ पटक बस्ने व्यवस्था समेत गरेको छ । दोस्रो सभाले नीति कार्यक्रम तथा योजना कार्यान्वयनको समिक्षा गर्ने, ऐनको मस्यौदा तयार गरी छलफल र पारित गर्ने ऐनको मनसाय र संघीय सरकारको प्रचलन समेत रहेको छ ।कार्यपालिको शिफारीस अनुसार मिति २०८०।१०।२६ मा बसेको हिउँदे नगरसभाले योजना तर्जुमा प्रक्रिया वेगर रु ४२७८७०००। का १२४

योजनामा बजेट विनिनयोज गरी पारित गराएको देखियो । पालिकाको २०७९।८० मा रकम नपुग भएको भनी १२४ योजनाको रु ३१४७७५४१। भुक्तानी दिन वाँकी रहेकोमा हिउँदे सभाले गतवर्षको बचत तथा थप श्रोतवाट व्यहोर्ने गरी योजना वाँडफाँड गरेकोमा आव २०८०।८१ को अन्त्यमा पुन रकम नपुग भएको भनी १०९ योजनामा रु २३६०२५५३। भुक्तानी दिनवाँकीको कार्यपालिकावाट दायित्व प्रमाणीत गराई राखेको छ । योजना तर्जुमा छनौटको प्रक्रिया पूरा नगरी कार्यक्रम तथा योजना कार्यान्वयन गराई तथा हरेक वर्ष दायित्व भुक्तानी वाँकी राखी अर्को वर्ष भुक्तानी दिने कार्य ऐन नियमावली अनुरुप देखिएन । यसमा सुधार हुनुपर्दछ ।

३.६ **अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७६।३।१० गते रु.८७ करोड ३५ लाख १२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।२९ मा पारित भएको छ । स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको अख्तियारी पत्र लेखापरीक्षण समक्ष पेश भएन । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

३.७ **बजेट अवण्डा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ६५ लाख अबण्डा बजेट व्यवस्था गरी १४ योजनामा रु. ४७ लाख ३६ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

३.८ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिका र वडा स्तरीय | ३७८ | ९ | ३९ | ३३० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३१७ योजनामात्र कार्यान्वयन भई ६१ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण गरी छनौट गर्ने र छनौट भएका योजना प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ४ कानून निर्माण एवं कार्यान्वयन

पालिकाको कानून तथा नीति निर्माण र कार्यान्वयन अवस्था निम्नानुसार छन्;

४.१

**कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ५ वटा नियमावली, १४ कार्यविधि १ निर्देशिका, १ मापदण्ड लगायत ३१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । नगरपालिकाले जारी गरेका ७ वटा ऐन कानून मात्र स्थानीय राजपत्रमा प्रकाशित गरेको पाईयो । संवैधानिक व्यवस्था अनुसार निर्मित कानून राजपत्रमा प्रकाशित गरी कार्यान्वियन गरिनु पर्दछ ।

४.२ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष ३ फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी र यो बर्ष थप भएको ७ गरी कुल १० विवाद दर्ता भएकोमा ३ निवेदन फिर्ता लिएको ५ वटा मेलमिलापको माध्यमवाट विवाद समाधान भई २ विवाद किनारा लगाउन बाँकी रहेको विवरण पेश गरेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

४.३ **नीति कार्यान्वयन नभएको** – सभाले स्वीकृत गरेका नीति तथा कार्यक्रमहरु कार्यान्वियन गरिनु पर्दछ । पालिकाको सभाले पारित गरेका नीति तथा कार्यक्रमहरुमध्ये निम्नानुसारका नीति कार्यक्रम कार्यान्वियन भएको देखिएन । नीति तथा कार्यक्रम प्रस्तुत गर्दा आफूलाई प्राप्त श्रोत र सो स्रोत मार्फत कार्यान्वियन गर्न सकिने नीतिहरुमात्र सभामा पेश गर्ने र पेश भएका नीति तथा कार्यक्रमहरु कार्यान्वियन गरिनु पर्दछ ।

- कृषि क्षेत्रको विकासका लागि कृषि विज्ञहरुको व्यवस्था गरिनेछ,
- बुङगल नगरपालिकाको १९ वटै वडाको माटो जाँच शिविर सञ्चालन गरिने,
- कृषि संकलन केन्द्र निर्माण आयोजनाको प्रकृया अगाडी बढाईने,
- नगरभित्रका सम्पुर्ण उद्द्योग तथा व्यवसायहरुलाई दर्ता प्रकृयामा ल्याई करको दायरा विस्तार मार्फत आन्तरिक राजश्व परिचालन गरिने,
- कलंङ्गा, सानीगाड र निमिलीगाडको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरि कुंड्ङ्गा, गिट्टी, बालुवाको उत्खन्न संकलन तथा विक्रिवितरण मार्फत राजश्व संकलन गरिने,
- रहरले कर तिर्ने वातावरणको निर्माण गर्न उत्कृष्ट करदातालाई सम्मान गरिने,
- बुङ्ङ्गल नगरपालिका भित्र रहेका विभिन्न क्षेत्रहरुमा परापूर्वकाल देखि नै परम्परागत ढंगले संकलन गरिदै आएका स्लेटहरुलाई खानी दर्ताको सम्पूर्ण प्रकृया पूरा गरी व्यवस्थित ढंगले सञ्चालनको लागि पहल गरिने,
- यार्सागुम्बा वनलसुन लगायतका अन्य बहुमूल्य जडीबुटीहरुको संकलन तथा विक्री वितरणलाई थप व्यवस्थित गरी करको दायरा विस्तार गरिने,
- घर घरमा भकारी टोल टोलमा सहकारी भन्ने नारका साथ नगरपालिका भित्रका प्रत्येक वडाहरुमा कम्तिमा १ वटा सहकारी संस्थाको स्थापना गरिने नीति लिईने,
- नगरपालिकाभित्र सहकारी सञ्चालन प्रवर्धन र नियमनका लागि आवश्यक कानून बनाई कार्यान्वियन गरिने,
- नगरपालिका भित्रका बजार क्षेत्रहरुमा सार्वजनिक शौचालय बनाइ सञ्चालन गरिने,
- तालिम लिई स्वरोजगार बन्ने व्यक्तिका लागि ५० दिनको कार्य स्थल तालिम र तालिम सकिए पश्चात ५० दिनको रोजगारी दिईने,
- अति विपन्न वेरोजगार व्यक्तिहरुका लागि स्वरोजगार बन्न तालिम तथा सहुलियत कर्जाको लागि समन्वय गरी कार्यक्रम सञ्चालन गरिने,
- रोजगारीमा सम्भावित क्षेत्रको पहिचान गरी आन्तरिक रोजगारी सृजना गरिने,
- Inj. Oxytone भण्डारणका लागि ILR Refrigerato थप ३ वटा स्वास्थ्य चौकीमा उपलब्ध गराउने,
- वन्य जन्तुहरुको अवैध चोरी पैठारी सिकार गर्ने गराउने कार्यलाई पूर्ण रुपमा बन्देज गर्ने,
- नगरपालिका भित्र रहेका प्लाष्टिक जन्य वस्तुहरुको प्रयोगलाई निरुत्साहित गर्ते ,

• वातावरणीय फोहरमैला व्यवस्थापन,

• पालिकाबाट तर्जुमा गरिएका कानूनको कार्यान्वियन गर्न नगर प्रहरी गठन,

• बुङ्ङ्गल नगर सपिङ सेन्टरको अवधारणा,

• नगरपालिकाको सिमा विवाद समाधान गर्न पहल गरिनेछ,

• नगरपालिका भित्र पटक पटक अबरुद्ध भइरहने सञ्चार सेवालाई गुणस्तरीय र प्रभावकारी बनाइनेछ,

• नगरपालिका भित्रका मुख्य बजारहरुको फोहोरमैला व्यवस्थापन गरी सुन्दर सहर निर्माण गर्न ल्याण्डफिल्ड साइटको निर्माण सम्भाव्यता अध्ययनका लागि आवश्यक पहल गरिने,

• स्वच्छ उर्जामा अभिवृद्धि बुङ्ङ्गल नगरपालिका समृद्धि भन्ने मूल नाराका साथ स्वच्छ उर्जामा आम नागरिकको सहज पहुँच विस्तार गर्न नगरपालिकाका सम्पूर्ण वस्थिहरुमा राष्ट्रिय प्रशारण लाइन विस्तार गरिने,

• नगरपालिकाबाट सञ्चालित आयोजनाहरुको दिगो व्यवस्थापनका लागि दर्ता भएको उपभोक्ता समितिबाट मात्रै सार्वजनिक निर्माणका कार्यहरु सञ्चालन गरिने व्यवस्था मिलाईने,

• नगरपालिकाभित्र निर्माण हुने भवनहरुलाई भूकम्प प्रतिरोधी एवम् सुरक्षित नागरिक आवास हुने गरी निर्माण कार्यको सुनिश्चितता गर्न भवन निर्माण गरिने,

५ **सेवा प्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा पास -अभिलेखिकरण | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्म दर्ता | १८२९ |
| मृत्यु दर्ता | २१९ |
| बसाई सराई दर्ता | ३६३ |
| विवाह दर्ता | २६१ |
| सम्बन्ध विच्छेद दर्ता | ३ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ४ |
| ग्राभेल सडक निर्माण | ६ |
| ग्राभेल सडक मर्मत | ० |

पालिकाले आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने अनुसार प्रभावकारी सेवा प्रवाहतर्फ ध्यान दिनुपर्दछ ।

६ **आर्थिक सहायता र अन्य विविध खर्च**

पालिकाको आर्थिक सहायता र अन्य विविध खर्च सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

६.१ **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले २४५ जनालाई यसवर्ष रु.४०१९०००। आर्थिक सहायता वितरण गरेको जुन आन्तरिक आय रु ६४०९०४४। को ६२. ७१ प्रतिशत रहेको छ। पालिकाले आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि नबनाई कार्यपालकाको निर्णय अनुसार खर्च लेखेकोमा न्यूनतम रु ५०००। देखि अधिकतम रु१०००००। सम्म रहेको छ । आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि वेगर र आन्तरीक आयलाई ध्यानमा नराखी खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६.२ **महोत्सव तथा अन्य खर्च** – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । नमुना छनौट गरी परीक्षण गर्दा नगरपालिकाले २ उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.५४३७७८।– (आन्तरीक आयको ८.४९ प्रतिशत) खर्च गरेको छ । पालिकाले महोत्सव तथा अन्य खर्च गर्दा आफ्नो आन्तरीक आयलाई ध्यान दिनुपर्दछ ।

## ७ खरिद तथा ठेक्का अभिलेख

पालिकाको खरिद तथा ठेक्का अभिलेख सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

७.१ **नापी किताब र नापी किताब नियन्त्रण खाताः** लेखा निर्देशिका २०७३ मा कार्यालयले ठेक्का वा अमानत वा अन्य प्रकृयाबाट के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्बन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी किताबमा अभिलेख राखी सम्पत्ति भौतिक रुपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्दछ । यो किताब लुज सिटमा नराखी सुरुमा नापी नं. प्रत्येक आर्थिक वर्षका लागि क्रम सङ्ख्या नं. १ बाट सुरु गरी सिलसिलेबार रूपमा राख्नपर्दछ । नापी किताबको मुल अभिलेख राख्न नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) प्रयोग गर्नुपर्दछ । नापी किताब मुद्रित हुना साथ यस खातामा दर्ता गरी सम्बन्धित प्राविधिकलाई नापी किताब दिदाँ यस अभिलेख खातामा चढाएरमात्र दिने गर्नुपर्दछ । कार्यालयले तोकिएको प्रक्रिया पुर्याइ नापी किताब तयार तथा नापी किताब नियन्त्रण खाता राखेको छैन । यसकारण गतविगतमा भई सकेको कार्य पुनः दोहोरिएको हुन सक्ने सम्भावना धेरै देखिन्छ ।

७.२ **निर्माणसम्बन्धी नयाँ सरकारी लेखा फारामः** सरकारी लेखा निर्देशिका, २०७३ बमोजिम सार्वजनिक निर्माणको लेखा राख्ने जिम्मेवारी आर्थिक प्रशाासन शाखा प्रमुख हुने र सार्वजनिक निर्माणको लेखाको प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टाछट्टै लागत अनुमान, कार्य अभिलेख खाता, आइटमवाईज कार्य अभिलेख खाता, ठेक्केदारको व्यक्तिगत खाता, नापी किताब नियन्त्रण अभिलेख, डोर हाजिरी नियन्त्रण किताब, लगायतका अनुसुची तथा स्वीकृत म.ले.प.फारमहरु प्रयोग गरी अभिलेख राख्नुपर्दछ। कार्यालयले यस वर्ष समेत निर्माण सम्बन्धी नयाँ म.ले.प.फा.नं. ५०० देखि ५१४ सम्म फारामहरु प्रयोग गरेको पाइएन। यसबाट तोकिएका विवरणहरु तोकिएको ढाचाँमा प्राप्त नहुने तथा तोकिएको अभिलेख नराख्दा दोहोरो रुपमा सार्वजनिक निर्माण कार्य नभएको तथा आर्थिक अनुशासन र पारदर्शिता कायम भएको यकिन गर्न सकिने देखिएन।निर्माण कार्यको अभिलेख तोकिए बमोजिम राख्नुपर्दछ।

७.३ **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद

सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

७.४ **कन्टिन्जेन्सी खर्च अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

८ **जिन्सी व्यवस्थापनः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५,९६ र ९९ मा जिन्सी व्यवस्थापन सम्बन्धी व्यवस्था छ ।उक्त व्यवस्था अनुसार कार्यालयले जिन्सी प्रतिवेदनमा उल्लेख भएका सामान मर्मत गर्नुपर्ने भए ३ महिना भित्र र लिलाम गर्नुपर्ने ६ महिना भए भित्र लिलाम गरी सक्नु पर्दछ।महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो अद्यावधिक गरेको पाइएन ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको पाईएन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। पालिकाले जिन्सी निरीक्षण गराई प्रतिवेदन लिने गरेको छैन । जिन्सी निरीक्षण गरी सामानहरुको मर्मत तथा लिलाम गर्नुका साथै जिन्सी अधावधिक गर्नुपर्दछ ।

९ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको एकीकृत सूचना व्यवस्थापन प्रणाली विवरणअनुसार पालिकाभित्र १३ सहकारी संस्था एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा समावेश भएको देखिन्छ ।तर पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सहकारीहरुको एकिकृत तथ्याँक संकलन गरेको छैन भने त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१० **बार्षिक खरिद योजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम 8(1) मा वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ। पालिकाले यसवर्ष विभिन्न शीर्षक

अन्तर्गत वार्षिक रु. १५९२९८२४७।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । पालिकाले खरिद नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

११ **आन्तरिक नियन्त्रण**

नगरपालिकाको आन्तरीक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

११.१ **आन्तरिक लेखापरीक्षण** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३ (१) मा संघीय संचित कोषको संचालन महालेखा नियन्त्रकले गर्ने तथा उपदफा ४ मा कोष सञ्चालनको लागि जिम्मेवारी पालन गर्नु वा गराउनु सम्बन्धित कार्यालय वा वैंकको जिम्वारी हुने व्यवस्था छ। कानूनी प्रावधान अनुसार कोषको आम्दानी खर्चको लेखाँकन गर्ने प्रत्येक त्रैमासिक अवधि सम्माप्त भएपछि आन्तरीक लेखापरीक्षण गर्ने र आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १ महिना भित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्दछ। कोष तथा लेखा नियन्त्रक कार्यालय बझाङले संघीय र प्रदेश बजेटको निकासा तर्फको आन्तरीक लेखापरीक्षण बार्षिक रुपमा गरेतापनि पालिका बजेटको लेखापरीक्षण भएको छैन। त्रैमासिक लेखापरीक्षण गरी सोको प्रतिवेदन जारी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

११.२ **आन्तरिक लेखापरीक्षण शाखा** : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था अनुरुप आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षकको पदपूर्ति नहुदा आर्थिक कारोवारको वित्तीय जोखिम वढ्ने र आन्तरिक नियन्त्रण नहुने अवस्था रहन्छ । तसर्थ आन्तरिक लेखापरीक्षकको पद पूर्ति गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

११.३ **आन्तरिक नियन्त्रण प्रणालीः-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन,

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिका तथा पालिकाले आफ्नो अधीकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने गरेको देखिएन,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न सामुदायिक विद्यालयलहरुलाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन। साथै भुक्तानी मा ETDS समेत गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरणको संरक्षण एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• तोकिए वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• अनुदान वितरण कार्यक्रम स्थानिय तह र प्रदेश तहवाट समेत वितरण हुने तथा संघ, प्रदेश र स्थानीय तह विच समन्वयको संयन्त्र नभएकोले दोहोरो अनुदानमा नियन्त्रण भएको पाईएन,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११.४ • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा दफा ११, दफा २४(४) अनुसारका देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ ।

• सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा नभएको

• अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको
• स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड,सेवा शर्त,योजना,कार्यान्वियन र नियमन नभएको,
• आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन नभएको,
• मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन नभएको,
• सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन नभएको,
• स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको,
• स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वियन, अनुगमन र नियमन नभएको,
• स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन नभएको,
• जेष्ठ नागरिक, क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको,
• खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन नगरेको,
• एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको,
• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा नगरेको,
• स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको,
• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको,
• खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको,
• जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको,
• सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको,
• खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन नभएको,
• बहुमुल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षणा र सम्वर्द्धनमा सहयोग नगरेको
• आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको,
• खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको,
• वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि कार्यान्वियन नभएको,
• व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको,
• प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नभएको,
• यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा नभएको,
• संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वियन नभएको,
• संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वियन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा र विकास व्यवस्थापन नगरेको,
• स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको,
• दफा२४ (४) पालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको,
• दफा८३ (७) पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा कार्यान्वियन नभएको

स्थानीय सरकार सञ्चालन ऐनद्वारा निर्देशित कार्य प्रभावकारी रुपमा गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक

अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु हजारमा)

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६२१९८ | ४२१८४ | ६.९३ |
| २ | पूर्वाधार विकास | ९३८३९ | ७६४०१ | १२.५५ |
| ३ | सामाजिक विकास | ३८६५५१ | ३४८४०७ | ५७.२३ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास सुशासन तथा सेवा प्रवाह | ६३२०९ | ५४४५७ | ८.९४ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ९०९३९ | ८७४०० | १४.३५ |
| जम्मा | | ६९६७३६ | ६०८८४९ | १०० |

उपर्युक्तविवरणअनुसारसभालेविनियोजनगरेकोबजेटमध्ये सामाजिका विकासमा ५७.२३ तथा आर्थिक विकासमा ६.९३ प्रतिशत खर्च भएको छ भने वातावरण विकामा बजेट विनियोजन गरी खर्च गरेको छैन। पालिकाले आफ्नो आवधिक योजना अनुसार सन्तुलित खर्च व्यवस्थापन गर्नुपर्दछ।

१४ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ६४०९०४४।०० राजस्व बाँडफाँट र अनुदानबाट रु ४७११३५७०८०।१४ समेत र ४७१७७७६१२४।०० आम्दानी भएकोमा चालु तर्फ रु ४८२११९२०६।०० र पूँजिगत तर्फ रु १२६७५१४८५।०० र वित्तीय ब्यबस्था समेत रु ६०८८७०६९१।०० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०५ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु ९७८२१६२।०० खर्च भएको छ जुन आन्तरिक आयको १५२.६३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७९.१८ प्रतिशत चालु र २०.८२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१५ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १२६७५१ | ० | २६७६३ | २३१७२ | ७६७७२ | ४७३९७ |
| प्रतिशत | १२६७५१ | ० | २१.११ | १८.२८ | ६०.५७ | ३७.३९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१२ करोड ६७ लाख ५१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा शुन्य (० प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२ करोड ६७ लाख ६३ हजार (२१.११ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.२ करोड ३१ लाख ७२ हजार (१८.२८प्रतिशत) र चौथो त्रैमासिकमा रु.७ करोड ६७ लाख ७२ हजार (३७.३९ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड ७३ लाख ९७ हजार (३७.३९प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१६ **व्यक्ति तथा संस्था तोकी वजेट विनियोजन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ। पालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गर्ने र सभावाट पारित गरी कार्यान्वयन गर्नुपर्दछ। पालिकाले ऐन बमोजिम योजना तर्जुमा नगरेको तथा बार्षिक कार्यक्रम तथा योजना तर्जुमा गर्दा व्यक्ति तथा निजी संस्थालाई फाईदा पुग्ने गरी बार्षिक योजनामै कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन तथा खर्च लेखेको पाईयो। पालिकाले अनुदान वितरणको मापदण्ड नबनाएको, वितरीत अनुदानको उपयोग, उपलब्धिको लेखाजोखा नगरिएको तथा वितरित अनुदानको उपयोग समेत मूल्यांकन गर्ने नगरेको अवस्था छ। व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी बजेटमै योजना राख्ने तथा विनियोजन गर्ने परिपाटीमा नियन्त्रण गरिनु पर्दछ। उदाहरणको लागि केहि अनुदान वितरणको विवरण निम्नानुसार छन।

| व्यक्ति संस्थाको नाम | अनुदान रकम |
|---|---|
| दुर्गा भवानी वाख्रा फर्म | १००००० |
| चन्द्रविर बहुउद्धेश्यिय फर्म | २००००० |
| दहवगर युवा समाज क्लव | २००००० |
| भूमीराज पशुपालन कृषि फर्म | ३००००० |
| नन्देश्वरी कृषि समूह | ४००००० |
| एन्जल पोल्ट्रि फर्म | ३००००० |
| बाह्रदेउ जनउद्धार कृषि समूह | १००००० |
| सेति सैपाल बहुउद्धेश्यीय भेंडा फार्म | ५०००० |
| कदाध्यन कृषि तथा भेंडा फर्म | ५०००० |
| सुल्जन बहुउद्धेश्यी भेंडा फर्म | ६०००० |
| डोलारी बहुउद्धेश्यीय फर्म | ५०००० |
| बुंगल सेरोफेरो एफ एम | १००००० |
| जम्मा | १९१०००० |

१७ **पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की लिने व्यक्ती वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले गत विगत देखिएको पेश्कीको अद्यावधिक विवरण पेश गरेको छैन । सुत्र प्रणालीवाट प्राप्त विवरणको विश्लेषण गर्दा निम्नानुसारको पेश्कीको म्याद समाप्त भएकोले फछ्यौट हुनुपर्ने रु.

| क.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ११/०९/२०८० | २७९ | अनाथालय व्यवस्थापन | अनाथ तथा पिडित बाल उत्थान समिति | समिति | | ५,००,००० | ५,००,००० |
| २ | १२/१६/२०८० | १३ | भवानी आ वि अनारखोली भवन निर्माण वडा नं ६ | श्री दुर्गा भवानी आ वि | संस्था | ० | ५,९४,००० | ५,९४,००० |
| ३ | १२/२१/२०८० | १७ | लटिनाथ आ वि लुङ्डा भवन निर्माण वडा नं ७ | श्री लटिनाथ आ. वि. | संस्था | ० | ३,००,००० | ३,००,००० |
| ५ | १२/२२/२०८० | १८८ | वडा कार्यालय तला थप र मर्मत आँगन निर्माण एवम् घेरवार बु न पा ११ | वडा कार्यालय तला थप र मर्मत आगन निर्माण एवंम घेरवार निर्माण | | ० | ४,५०,००० | ४,५०,००० |
| ६ | १२/२३/२०८० | ६ | घट्टेखोला,लामबगर झोलुङ्गे पुल वुगल न.पा. ६ र ७,माल्वे खोला र गनानी झो.पु, नाकढुँगा निमिलगाड सानीगाड वडा ५-४ सौकाभरण, करालिगाड झो. पु. सत्ताया झो पु.,बिज्गाद झो पु बुंगल नगरपालिका, बझाङ, रारु गाड झोलुगें पूल | करालीगाड स्टिल ट्रस्ट निर्माण उपभोक्ता समिति | उपभोक्ता समिति | ० | ३,९३,००० | ३,९३,००० |
| ७ | २३/१०/२०८० | २ | भूकम्पबाट प्रभावितलाई टहरा निर्माण | भूकम्पबाट प्रभावितलाई टहरा निर्माण | बिभिन्न व्यक्ति | ० | ३१५०००० | ३१५०००० |
| ८ | २८/१०/२०८० | ३ | भूकम्पबाट प्रभावितलाई टहरा निर्माण | गणेश बहादुर भण्डारी | | ० | २५००० | २५००० |
| | २३/११/२० | ७ | बिबिध | सन्तोष धामी | स्वकीय सचिव | ० | ९९००० | ९९००० |
| जम्मा | | | | | | ० | ५५११००० | ५५११००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **९९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ५४,१२,००० |

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक

अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१९ **दोहोरो वैठक भत्ता:**

सुदुर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी विधेयक,२०७५( पहीलो संशोधन समेत) को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनुसूची १ (क), १(ख), १(ग) मा उल्लेख भएका सुविधा मात्र पाउने उल्लेख छ । सोही विधेयकको दफा १२ मा स्थानीय तहका पदाधिकारीहरुले यस विधेयकले निर्धारण गरेको वाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ ।विधेयक विपरित पालिकाका वडा अध्यक्षले पालिकावाट वैठक भत्ताको सुविधा लिएकोमा पुन: मासिक वैठक भत्ता लिएको पाइयो। विधेयक विपरित खर्च लेखेको वैठक भत्ता असूल गर्नुपर्ने रु ..

| गो.भौ/मिति | पदाधिकारीको नाम | पद | संख्या | दर | कर पछिको भुक्तानी |
|---|---|---|---|---|---|
| २४६। २०८०/१०/१५ | लोकराज जोशी | वडा अध्यक्ष | १२ | १००० | १०२००।० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१८,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२४,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०० |

२० **दोहोरो भत्ता:**

सुदुर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी विधेयक,२०७५( पहीलो संशोधन समेत) को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनुसूची १ (क), १(ख), १(ग) मा उल्लेख भएका सुविधा मात्र पाउने उल्लेख छ । सोही विधेयकको दफा १२ ले स्थानीय तहका पदाधिकारीहरुले यस ऐनले निर्धारण गरेको वाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था गरेको छ ।विधेयक विपरित पालिकाका निम्नानुसारका वडाध्यक्षहरुले मोटरसाईकल प्रयोग गरी इन्धन र मर्मत खर्च भुक्तानी लिएकोमा पुन: यातायात खर्च वापत मासिक रु २५००। खर्च लेखेको देखिएकोले दोहोरो सुविधा खर्च देखिएको रकम सम्वन्धित वडाध्यक्षवाट असूल हुनुपर्ने रु .

| नाम | पद | लिएको रकम |
|---|---|---|
| लोकराज जोशी | वडा अध्यक्ष | ३०००० |
| जम्मा | | ३०००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

२१ **नियम विपरितको भत्ता:**

सुदुर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन,२०७५ मा वडा परिषद् संचालन सम्बन्धी भत्ताको व्यवस्था गरेको छैन । पालिकाको वडा नं ११ का पदाधिकारी तथा कर्मचारीले वडा परिषद सञ्चालन भत्ता लिएको पाइयो। ऐन विपरित लिएको भत्ता सम्वन्धित व्यक्तिवाट असूल हुनुपर्ने रु .

| नाम | पद | दर | संख्या | खुद भुक्तानी |
|---|---|---|---|---|
| लोकराज जोशी | वडा अध्यक्ष | १००० | ५ | ४२५० |
| गगन वहादुर पातली | वडा सदस्य | १००० | ५ | ४२५० |
| ममता विक | वडा सदस्य | १००० | ५ | ४२५० |
| अम्मरा वोहरा | वडा सदस्य | १००० | ५ | ४२५० |
| वीर वहादुर पातली | वडा सचिव | १००० | ५ | ४२५० |
| लोकेन्द्र वोहरा | का.स | १००० | ५ | ४२५० |
| जम्मा | | | | २५५०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,५०० |

२२ **वढी दशै खर्च भुक्तानी:**

स्थानीय तह पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ लाई संशोधन गर्न वनेको विधेयकमा स्थानीय तहका पदाधिकारिले पाउने सेवा सुविधा सम्वन्धमा दशै भत्ताको दर स्पष्ट रुपमा तोकेको छ । पालिकाले निम्नानुसारका जनप्रतिनिधिलाई विधेयकमा तोकेको दर भन्दा वढि दरमा दशैं भत्ता भुक्तानी गरेको पाइयो। विधेयक विपरित बढी भुक्तानी खर्च लेखेको रकम सम्वन्धित पदाधिकारीवाट असूलउपर हुनुपर्ने रु .

| नाम थर | पद | दिनुपर्ने | दिएको | फरक |
|---|---|---|---|---|
| लोक राज जोशी | वडा अध्यक्ष | १८००० | २९५०० | ११५०० |
| धनसरा वोहरा धामी | का.पा सदस्य | १०००० | १८५०० | ८५०० |
| जनक कुँवर | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| मन्दरी वि क | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| दिपक वहादुर कार्की | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| पार्वती देवी वोहरा | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| दलविर भण्डारी | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| गौरा देवी वोहरा | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| अम्मरा देवी वि क | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| कृष्ण वहादुर जागरी | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| वलदेव सिहं खडायत | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| अस्मिता ओखेडा कामी | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| अम्मरा देवी वोहरा | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| ममता वि क | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| गगन वहादुर पातली | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |

| | | | | |
|---|---|---|---|---|
| पार्वती कार्की | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| धनसरा देवी वि.क | नगर सभा सदस्य | ८००० | ९५०० | १५०० |
| जम्मा | | | | ४२५०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,५०० |

२३ **स्थानीय भत्ता:**

सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सवै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरवन्दि भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४।०७५ वाट लागू हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च र सालवसाली रुपमा एकपटक चैत्र महिनामा पोशाक भत्ता सम्झौतामा उल्लेख गरी दिन मिल्ने छ भने अन्य सुविधा उपलव्ध गराउने कुनै व्यवस्था छैन । पालिकाले निम्न करारका कर्मचारीहरुलाई परिपत्र तथा निर्णय विपरित स्थानिय भत्ता खर्च लेखेकोले सम्वन्धित व्यक्तिवाट असूल हुनुपर्ने रु..

| नाम | पद | दर | जम्मा भुक्तानी |
|---|---|---|---|
| धनकृष्ण रेग्मि | श्रोत व्यक्ति | ११८१० | १४१७२०।० |
| डम्मर वहादुर धामी | इन्जिनियर | ११८१० | १४१७२०।० |
| विनोद वहादुर सिहं | स.ई.प्राविधिक पाचौ | ७७१० | ९२५२०।० |
| ऐन वहादुर सिंह | अ.स.ई | ६६१० | ७९३२०।० |
| जम्मा | | | |

| असुल गर्नुपर्ने | ४,५५,२८० |
|---|---|

२४ **व्यक्तिगत सामान** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले प्रयोजन नखुलाई विबिध कोष खर्च शिर्षकवाट निम्नानुसार पसलको विल राखी भान्सा प्रयोजन र व्यक्तिगत प्रयोजनका सामग्रि खर्च गरी खर्च लेखेको रकम नियमित हुनुपर्दछ।

| गोभौनं मिति | विवरण | प्रयोजन | खर्च रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १६-२०८१।३।२४ | स्मारिका किराना पसलवाट | लेखा शाखाको कर्मचारीले बिभिन समयमा राशन लगेको | २३५०० | प्रदेश सशर्त कन्टेन्जेन्सी |
| २४-२०८१।३।१८ | ऐस के हार्डवेयर | व्यक्तिगत प्रयोजनमा प्रयोग हुने भाँडाकुँडा | ९०९० | विविध कोष |
| २५-२०८१।३।१८ | ऐस के हार्डवेयर | सिरक डसना तकिया वेडसिट लगायत | १४३६० | विविध कोष |
| २६-२०८१।३।१८ | प्रेम कुँवर | प्रप्रअ माधव प्रसाद जोशी भान्सा प्रयोजन राशन | १०००० | विविध कोष |
| ३१-२०८१।३।२३ | विवेक खुद्रा पसल | नगर उप प्रमुखको भान्सा व्यवस्थापन | २०७९० | विविध कोष |
| जम्मा | | | ७७७४० | |

| अनियमित भएको | ७७,७४० |
|---|---|

२५ **प्रयोजन नखुलाई होटल खर्च** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले प्रयोजन नखुलाई विविध कोषवाट निम्नानुसार होटलहरुको विल राखी खर्च लेखेको ऐन सम्मत नदेखिएकोले यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

| गो भौ नं | होटलको नाम | खर्च रकम |
|---|---|---|
| ८-२०८०।१२।२५ | होटल कालंगा भ्यू | १८९२० |
| १२-२०८१।१।२५ | होटल आस्था | १६९५९ |
| १३-२०८१।३।९ | होटल कालंगा भ्यू | १९८५० |
| १४-२०८१।३।९ | होटल आस्था | ३५१९५ |
| १९-२०८१।३।१३ | चैनपुर फुड क्याफे | १४९५० |
| २०-२०८१।३।१४ | दि होटल होलिडे | ४३५५० |
| २२-२०८१।३।१७ | होटल कालंगा भ्यू | १९५०० |
| २७-२०८१।३।१८ | विभिन्न होटलको विल | १९७०० |
| २८-२०८१।३।१९ | डिएनके होटल | १३८०० |
| २९-२०८१।३।२१ | विभिन्न होटलको विल | २९९०० |
| जम्मा | | २३२३२४ |

२६ **वित्तिय समानिकरणवाट चालुखर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा योजना तथा क्रियापलापहरु कार्यान्वयन गर्नु पर्दछ । नेपाल सरकारबाट उपलब्ध वित्तिय सामानीकरण श्रोतवाट विकास निर्माण तथा पूँजी निर्माणमा कार्यमा खर्च गर्नुपर्नेमा नगरी निम्नानुसार चालु प्रकृतिको क्रियाकलापमा खर्च गरेको छ । पूँजी निर्माण हुने रोजगारी सिर्जना हुने तथा आयआर्जनमा थप योगदान पुग्ने क्रियाकलापमा बजेट विनियोजन गरी खर्च गर्ने तर्फ नगरपालिकाको ध्यान जानु पर्दछ ।

| गो भौ नं मिति | खर्च विवरण | खर्च रकम |
|---|---|---|
| १०१६-०८१।३।२४ | राष्ट्रपति रनिङ सिल्ड कार्यक्रम | १३०८००० |
| ७१३-०८१।२।६ | असल अभ्यास आदान प्रदान तथा अवलोकन भ्रमण कर्मचारी र जनप्रतिनिधि | ५६८९८५ |
| १७४-२०८०।१०।८ | त्रिवेणी बहुमुखी क्याम्पसको व्यावस्थापन | १५००००० |
| | | ३३७६९८५ |

२७ भ्रमण खर्च नियमावली २०६४ को नियम ७(८) मा रात विताउनु पर्ने गरी खटिएको स्थानदेखि १५ किमि भित्र आफ्नो र परिवारको नाममा स्थायी घरवास भएका पदाधिकारी वा कर्मचारीले त्यस्तो क्षेत्रमा खटिएकोमा भ्रमण भत्ता नपाउने व्यवस्था छ । पालिकाका निम्नानुसारका पदाधिकारी कर्मचारी आफ्नो कार्यक्षेत्र भित्र संचालन भएका तालिम कार्यक्रम तथा न्यून बजेट विनियोजन भई संचालन गरेको गोठ सुधार कार्यक्रमको अनुगमन भत्ता भनी कर कटाई भुक्तानी दिएको अनुगमन खर्च मितव्ययी नहुनुका साथै भ्रमण खर्च नियमावलीको पालना नगरी खर्च लेखेकोले सम्बन्धितवाट असूल हुनुपर्ने रु

| नामथर | पद | कर कटाई भुक्तानी रकम |
|---|---|---|
| विरे धामी | वडाध्यक्ष | १२७५ |
| लोकराज जोशी | वडाध्यक्ष | १२७५ |
| सन्तोष धामी | न प्र स्वीकय | २५५० |
| रमेश धामी | न उ प्र स्वकीय | १२७५ |
| देवराज जोशी | योजना शाखा | ४२५० |
| करन वहादुर धामी | सव ईन्जिनियर | ४२५० |
| रमेश किरण विक | प से प्रा | ४२५० |
| प्रताप वोहरा | ना प स्वा प्र | ४२५० |
| जम्मा | | २३३७५ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,३७५ |

२८ **खेलकुद समिति:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने व्यवस्था छ । पालिकाले बुंगल नगरपालिका नगर खेलकूद विकास ऐन २०७९ जारी गरी खेलकूद विकास समिति गठन गरी सो समितिका निम्नानुसार पदाधिकारी नियुक्ति गरी मासिक रुपमा तलव तथा भत्ता सुविधा दिएको पाईयो। ऐन विपरित तथा पालिकाको स्वीकृत दरवन्दी वाहिरका पदाधिकारीलाई तलव भत्ता खर्च लेखेको मितव्ययी देखिएन । पालिकाको आफ्नो आन्तरीक आयलाई मध्यनजर नगरी समिति गठन गरी सुविधा प्रदान गर्न निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनुका साथै खर्च मितव्ययी नदेखिएकोले उक्त खर्च रकम नियमित हुनुपर्दछ।

| नाम | दर्जा | स्केल | दशै भत्ता | भुक्तानी भएको महिना | जम्मा |
|---|---|---|---|---|---|
| विक्रम कुँवर | खेलकुद समिति सचिव | ३२९०२ | ३२९०२ | ९ | ३२९०२०।० |
| जनक ओखेडा | खेलकुद का.स | २०००० | २००० | ९ | २०००००।० |
| प्रभाव भण्डारी | खेलकुद प्रशिक्षक | २४००० | २४००० | ९ | २४००००।० |

| | |
|---|---|
| अनियमित भएको | ७,६९,०२० |

२९ **दोहोरो भुक्तानी:**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२५,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३० **छुट तलव:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा सरकारी रकम खर्च लेख्दा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाको पशु सेवा शाखामा कार्यरत का.स शंकर कार्कीलाई २०७४ वाट २०७९ सम्मको छुट तलव रु २८५३७३ खर्च लेखेको छ । गत विगतमा उक्त रकम छुट भएको यकिन गर्ने प्रमाण कागजात लेखापरीक्षणमा पेश नभएकोले दोहोरो खर्च लेखेको छैन भनि आश्वस्त हुन सकिएन। दोहोरो भुक्तानि नभएको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु .

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८५,३७३ |

३१ **वढी सेसन भुक्तानी:** (२२५-२०८०-१०-२२):

अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका,२०७७ बुँदा ७.१.१५ मा सवै प्रकारका तालिम गोष्ठि सेमिनार कार्यशाला संचालन सम्वन्धि खर्चको मापदण्ड एवं भ्रमण खर्च सम्बन्धी व्यवस्थामा जिल्ला तथा गाउँ नगर स्तरको तालिममा प्रशिक्षक भत्ताको दर रू.७००। रहेकोमा पालिकाले सो भन्दा बढी प्रति सेसनको रु १५०० का साथै अतिरिक्त क्रियाकलापको भनि थप ३/३ सेशनको भत्ता खर्च लेखेको पाइयो । निर्देशिकाले तोके भन्दा बढी भुक्तानी गरेको रकम असूल गर्नुपर्ने....

| प्रशिक्षकको नाम | पद | भुक्तानी हुनुपर्ने | भएको | फरक |
|---|---|---|---|---|
| अजुर्न प्रसाद घिमिरे | मेडिटेशन प्रशिक्षक | २२४००।० | ३८००० | १५६००।० |
| कमला देवी विष्ट | न्यायिक प्रशिक्षक | २२४००।० | ३८००० | १५६००।० |
| | | | | ३१२००।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,२०० |

३२ **सम्झौता भन्दा बढी भुक्तानी :** (७२५-२०८१-२-२४):

करार सम्झौताको रकम भुक्तानी गर्दा करारमा उल्लेख भएको शर्त अनुसारको रकम भुक्तानी हुनुपर्दछ। पालिकाको वडा नं २ मा कार्यरत कार्यालय सहयोगी जानकी कुमारी वोहोरालाई करार सम्झौतामा उल्लेख भएअनुसार रु.७२०००।० भुक्तानी गर्नुपर्नेमा रु.९८०००।० भुक्तानी दिएको पाइयो। करार सम्झौतामा उल्लिखित अवधि भन्दा २ महिनाको बढी भुक्तानी दिएको रकम सम्बन्धितवाट असूल गरि दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,००० |

३३ **सहजिकरण भत्ता:** (२२५-२०८०-१०-२२):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१०,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३४ **घर भाडा:**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **३२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३५ **शिर्षक फरक पारी गरेको खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३८ को उपदफा २(क) मा स्विकृत वार्षिक वजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शीर्षकमा परेको भए मात्र खर्च गर्न पाउने व्यवस्था छ। पालिकाले नियमावली विपरित सभावाट स्विकृती शिर्षक भन्दा फरक शिर्षक पारी निम्नवमोजिमका कृयाकलाप गरेकोले देखिएकोले उक्त खर्च रकम नियमित हुनुपर्दछ।

| गो भौ नं / मिति | हुनुपर्ने शिषर्क | भएको शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| २६३।२०८०/११/०८ | मेशिनरि तथा औजार | मसलन्द तथा कार्यलाय सामाग्री | ९७१७००।० | वडाका लागि वाइक खरिद |
| जम्मा | | | ९७१७००।० | |

| अनियमित भएको | ९,७१,७०० |
|---|---|

३६ **वढी प्रशिक्षण भत्ता भुक्तानी:**

अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका,२०७७ बुँदा ७.१.१५ मा सवै प्रकारका तालिम गोष्ठि सेमिनार कार्यशाला संचालन सम्वन्धि खर्चको मापदण्ड एवं भ्रमण खर्च सम्बन्धी व्यवस्थामा जिल्ला तथा गाउँ नगर स्तरको तालिममा प्रशिक्षक भत्ताको दर रू.७००। रहेकोमा पालिकाले सो भन्दा बढी प्रति सेसनको रु १७००। दिएकोले निर्देशिकाले तोके भन्दा बढी भुक्तानी गरेको रकम असूल गर्नुपर्ने....

| गो. भौ नं /मिति | विषय | प्रशिक्षकको नाम थर | कक्षा संख्या | वढी भुक्तानी |
|---|---|---|---|---|
| १४९।२०८१/०२/२४ | एकिकृत पाठ्यक्रम सम्वन्धि कस्टमाइज्ड | लक्ष्मि प्रसाद जोशी | १२ | ९६००।० |
| १४९।२०८१/०२/२४ | एकिकृत पाठ्यक्रम सम्वन्धि कस्टमाइज्ड | नविन प्रसाद पन्त | १२ | ९६००।० |
| १६४।२०८१/३/१३ | COVID-19 वाट पुगेको शैक्षिक क्षतिको परिपूरणको तालिम | लक्ष्मिप्रसाद जोशी | ७ | ५६००।० |
| १६४।२०८१/३/१३ | COVID-19 वाट पुगेको शैक्षिक क्षतिको परिपूरणको तालिम | शिवराज वहु | ७ | ५६००।० |
| १५६।२०८१/०३/०९ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास तालिम | लक्ष्मी प्रसाद जोशी | ८ | ६४००।० |
| १५६।२०८१/०३/०९ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास तालिम | दल वहादुर वोहोरा | ७ | ५६००।० |
| १५६।२०८१/०३/०९ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास तालिम | गोपाल व.धामी | ७ | ५६००।० |
| १५६।२०८१/०३/०९ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास तालिम | सुनिल कार्की | ६ | ४८००।० |
| जम्मा | | | | ५२८००।० |

| असुल गर्नुपर्ने | ५२,८०० |
|---|---|

३७ **वढि भुक्तानीः**

३७.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टयाई गर्ने विल भरपाई र कागजात संलग्न हुनुपर्ने उल्लेख छ ।पालिकाले भौ.नं. २३०-२०८०।१०।२२ वाट दिएको अनुदान वुंगल नगर खेलकुद विकास समितिले संचालन गरेको अन्तरपालिका पुरुष तथा महिला खुल्ला भलिवल प्रतियोगितामा रु ११९१७९७।० खर्च भएकोमा रु १५४८७९७।० भुक्तानी भएकोले वढी भुक्तानी भएको असूल हुनुपर्ने रु .

| असुल गर्नुपर्ने | ३,५७,००० |
|---|---|

३७.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१९,५२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३८ **दोहोरो पारिश्रमिक:**

निजामती सेवा ऐन २०४९ को दफा २८(१) मा निजामती कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि तलव र भत्ता पाउने व्यवस्था छ । पालिकाका निम्न कर्मचारीको ६१८।२०८१/०१/२५ वाट चैत्र ,वैशाखको साथै पोशाक भत्ता वापतको रकम भुक्तानी भएकोमा पुन: ६२७।२०८१/०२/२६ वाट पनि भुक्तानी भएकोले दोहोरो भुक्तानी दिएको पाइयो। यसरी भुक्तानी भएको दोहोरो रकम सम्वन्धित व्यक्तिवाट असूलउपर गरि दाखिला गर्नुपर्ने रु ....

| नाम | पद | दर | पोशाक भत्ता | जम्मा |
|---|---|---|---|---|
| प्रमान्नद पन्त | का.स | २३५०६ | १००००।० | ५७०१२।० |
| केशव राज जोशी | का.स | २१५०६ | १००००।० | ५३०१२।० |
| सपना कार्की | का.स | १५००० | १००००।० | ४००००।० |
| जम्मा | | | | १५००२४।० |
| | | | | |

| असुल गर्नुपर्ने | १,५०,०२४ |
|---|---|

३९ **खर्चको पुष्याईः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टयाई गर्ने विल भरपाई र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। पालिकावाट निम्न कार्यक्रम सञ्चालन गर्दा खर्चको विल भरपाई मात्र समावेश भएको तर लक्षित वर्गको उपस्थिति हाजिरी तथा कार्यक्रमको प्रतिवेदन संलग्न नगरेकोले तालिम\कार्यक्रमको उपलव्धि यकिन गर्न सकिएन । कार्यक्रम भएको पुष्टि गर्ने प्रमाण कागजात पेश हुनुपर्ने रु.

| गो.भौ /मिति | सञ्चालनकर्ता | कार्यक्रम | सञ्चालन मिति | रकम |
|---|---|---|---|---|
| ९७५। २०८१/०३/२१ | महिला वालवालिका दलित तथा जनजाती उत्थान समाज केन्द्र | गलैचा उत्पादन तालिम | मिति उल्लेख नगरेको | १९८००० |
| ९७५। २०८१/०३/२१ | दल वहादुर कुँवर(प्रशिक्षक) | गलैचा उत्पादन तालिम | मिति उल्लेख नगरेको | ४९००० |
| जम्मा | | | | २४७००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **५५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | २,४७,००० |
|---|---|

४० **स्विकृत दरवन्दि वाहिरको खर्च:**

स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८६ मा स्थानिय सेवाको गठन,सञ्चालन ब्यवस्थापन , सेवाको शर्त तथा सुविधा सम्वन्धमा आधारभूत सिद्धान्त र मापदण्ड सघीय कानुन वमोजिम हुने ब्यवस्था छ।सघीय कानुनको सिद्धान्त र मापदण्ड विपरित पालिकाको स्विकृत दरवन्दि भित्र नपरेका निम्नानुसारका सल्लाहकार, स्वकिय सचिव, भान्से, कार्यालय सहयोगिहरु २०७९ श्रावण देखि करारमा नियुक्ति गरी तथा कार्यपालिकाको २०८०।६।१८ निर्णय न ७ वाट नगर प्रमुख र उपप्रमुखको स्वकिय सचिवहरुको खाईपाई आएको तलवमा ५० प्रतिशत थप दिने लगायतको निर्णयको आधारमा रु १७२८२४०।० खर्च लेखेको पाइयो । दरवन्दि नै नभएको पदमा नियुक्त दिने गरी निर्णय गर्ने पदाधिकारिवाट असुल गर्नुपर्ने रु .....

| नाम | पद | दर | दशै खर्च | जम्मा |
|---|---|---|---|---|
| सन्तोष धामी | स्व.सचिव, नगरप्रमुख | ३००००।० | ३००००।० | ३९००००।० |
| रमेश व.धामी | स्व.सचिव, नगर उपप्रमुख | २७०००।० | २७०००।० | ३५१०००।० |
| जननी ठगुन्ना | का.स वडा नं १ | २१४८०।० | २१४८० | २७९२४०।० |
| जानकी कुमारी वोहोरा | का.स वडा नं २ | १४०००।० | - | १६८०००।० |
| डम्मर वहादुर धामी | भान्से,नगर प्रमुख | १५०००।० | - | १८००००।० |
| नर वहादुर धामी | भान्से, नगर उपप्रमुख | १५०००।० | - | १८००००।० |
| वलराम जोशी | भान्से प्र प्र अधिकृत | १५०००।० | - | १८००००।० |
| जम्मा | | | | १७२८२४०।० |

| असुल गर्नुपर्ने | १७,२८,२४० |
|---|---|

४१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष कुल सूचिकृत बेरोजगार सङ्ख्या १०८५ मध्ये ७५ जनालाई औसत १०० दिनले ७५०० दिन रोजगारी उपलव्ध गराई रु ५३५६८००। श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४२ **बढी व्ययभार**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ मा नेपाल सरकारबाट उपलब्ध गराईदै आएको ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडिएको भत्ता, अपांग भत्ता, लगायत नेपाल सरकारबाट साबिकमा पाई आएको सामाजिक सुरक्षा भत्ता, वा यस निर्देशिका बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्न सक्ने व्यवस्था छ। जयमती बोहरा विधवा र दिर्घ रोगी दुवै रहेकोमा निजलाई कार्यविधि बमोजिम कुनै एक सुविधा दिनुपर्नेमा पालिकाले गौ.भौ.न. १७४। २४६-२०८१।०३।०५ बाट औषधी उपचार सुविधा सहित विधवा भत्ता समेत प्रदान गरेको दोहोरो सुविधाको बढी व्ययभार परेको रकम नियमित हुनुपर्दछ।

| अनियमित भएको | १३,३०० |
|---|---|

४३ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले कृषि विकास बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएकोमा लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकममध्ये लगतकट्टा गरी बाँकी रहेको रु ४७०७२०.३४। लेखापरीक्षणले औंल्याएपछि फिर्ता गरेको छ। पालिकाले समयमै लगतकट्टाको विवरण अध्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरणमा ध्यान दिनुपर्दछ ।

४४ **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने ब्यहोरा उल्लेख छ |पालिकाले योवर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकार हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३२ कर्मचारीको रु.२०२,००,०००।- र पालिकाका २५ कर्मचारीको रु. १७१,४४,९५२।- समेत रु. ३,७३,४४,९५२।-खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४५ **नीजि श्रोत शिक्षक अनुदानः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को वुदा २.१(क)मा दरवन्दी मिलानवाट कायम भएको दरवन्दी, शिक्षक अनुदान कोटा(राहत)र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकको शिक्षक कितावखानावाट तलवी प्रतिवेदन पारित गराई सोको आधारमा विद्यालयको माग फारम भिडान गरी अनुदान निकाशा गराउने ब्यवस्था छ।यस वर्ष पालिकाले नीजि श्रोत शिक्षक पारिश्रमिकको लागी रु. ७० लाख वजेट विनियोजन गरेकोमा खर्च नभएको जनाएको छ।विद्यालय शिक्षक दरवन्दी मिलान नगरी दरवन्दी नै कायम नभएका शिक्षकलाई तलवभत्ता निकाशा दिने तथा कूल शिक्षक दरवन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यकता पहिचान नगरी वजेट विनियोजन गर्नु उचित देखिएन।

४६ **वढि तलव निकाशाः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(१०)मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने विल भर्पाई प्रमाण कागजात संलग्न गर्नुपर्ने उपनियम १० मा रित पुगे नपुगेको चेकजाँच गरी भुक्तानी गर्नु पर्ने उल्लेख छ। भौ.नं. २२२-२०८१। ३।४ वाट अन्तीम चौमासिक निकाशा दिदा विद्यालयको खातामा वैङ्कमा पठाएको रकमको जोडजम्मा गर्दा रु.४,५२,३६,६२९।– भएकोमा रु.४५२,५३,६२९।–निकाशा दिएकोले जोडजम्मा फरक पारी रु.१७००।– वढि निकाशा दिएको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,००० |

४७ **सामाजिक एवं आर्थिक लेखापरीक्षणः** नगरपालिका अन्तर्गतका ८२ सामूदायिक विद्यालयलाई सामाजिक एवं आर्थिक लेखापरीक्षण,विद्यार्थी परिचयपत्र ब्यवस्थापन,विद्यालय तथ्याङ्क ब्यवस्थापन,वुलेटिन प्रकाशन क्रियाकलाप सञ्चालन अनुदान बापत अनुदान भौ.नं. १०९-२०८०।१२।२६ वाट रु.४५,४५,०००।- निकासा खर्च लेखेकोमा उक्त विद्यालयहरुले समामाजिक एवं आर्थिक लेखापरीक्षण गराई नगरपालिकामा लेखारीक्षण प्रतिवेदन पेश गरेका छैनन।तोकिए अनुसार लेखापरीक्षण गराइ लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ।

४८ **सेनिटरी प्याड वितरण ब्यवस्थापनः**

४८.१ कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९।८०को क्रियाकलाप नँ २.७.१३.२३ मा स्थानिय तहले सामुदायिक विद्यालयको ६ देखि १२ कक्षा सम्म अध्ययनरत सवै छात्राहरुका लागी निशुल्क सेनिटरी प्याड व्यवस्थाका लागी सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को अनुसूची १ वमोजिम तोकिएको न्युनतम मापदण्ड अनुसारको १० महिना अवधीका लागी उपलव्ध गराउनु पर्ने ब्यवस्था छ।साथै स्थनिय तहले विद्यालयवाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएको कार्यहरुको प्रतिवेदन तयार गरी स्थानिय तहमा पठाउनु पर्ने उल्लेख छ।यसका अतिरिक्त स्थानिय तहले प्रचलित कानुन वमोजिम खरिद गरी शैक्षिक सूचना प्रणालीको तथ्याँङ्क सँग भिडाई विद्यालयलाई आवश्यक हुने सँख्यामा उपलव्ध गराउनु पर्ने उल्लेख

छ।पालिकाले भौ.नं.१६९-२०८१।२।३२ वाट ४७,३६० सेनिटरी प्याड तथा २० थान डिस्पोजल मेशिन खरिद तथा ढुवानी स्वरुप रु. २६,३३,६३२।– वजेट खर्च गरेको छ।यस सम्वन्धमा निम्न ब्यहोरा रहेको छः

४८.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३(क) एक आपसमा अन्तर सम्वन्धीत सामान एकै प्याकेजमा समावेश गरी खरिद गर्न सकिने ब्यवस्था छ ।पालिकाले सेनिटरी प्याड तथा भेन्डिङ्ग मेशिन प्याकेजमा लागत अनुमान तयार गरी सिलवन्दी मार्फत खरिद गर्नुपर्नेमा रु.१५,४९,६३२।– को सामाग्री सिलवन्दी दरभाउको माध्यवाट खरिद गरेको तथा १५ थान सेनिटरी प्याड डिस्पोजल मेशिन रु. ९,७५,०००।– सिधै खरिद गरेकोले खरिद प्रतिस्पर्धी एवं मितब्ययी नदेखिएकोले उक्त खर्च नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ९,७५,००० |

४८.३ खरिद भएका सेनिटरी प्याड लेखापरीक्षणको समयसम्म विद्यालयका सम्वन्धित छात्रालाई तथा भेण्डीङ्ग तथा डिस्पोजल मेशिन सम्वन्धित छात्राले प्रयोग गर्ने गरी वितरण भई सहि सदुपयोग भएको छ भन्ने अश्वस्त हुने गरी प्याड वितरण र प्रयोगको अवस्थाको अनुगमन र प्रतिवेदन लिने ब्यवस्था गर्नुपर्दछ।

४८.४ सार्वजिनक खरिद नियमावली २०६४ को नियम १४ मा मालसामानको स्पेशिफिकेशनको अधिनमा रही तयार गरेको लागत अनुमान स्वीकृत गरी खरिद गर्नुपर्ने उल्लेख छ।पालिकाले खरिद गरेको सेनिटरी प्याड तथा डिस्पोजल मेशिनको स्वीकृत लागत अनुमान लेखापरीक्षणको क्रममा पेश नभएकोले लागत अनुमान आधार यकिन हुन सकेन।

४९ **शैक्षिक तथ्यांकः** नगरपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका आ.ब.२०८०/८१ मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ ।गाउँपालिकाले विद्यालयलाई तलव भत्ता लगायतका पाठ्यपुस्तक,छात्रवृती,सिकाई सामाग्री लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०८० भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था छ।विद्यालयले पेश गरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको गाउँपालिकाले निरन्तर अनुगमन,निरीक्षण गरी देखिएका तथ्यलाई अभिलेखिकरण गरी प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा नगरपालिकाले उपलव्ध गराएको अनुदान रकम यथार्थ छ भनी आश्वस्त हुन सकिएन।कार्यक्रम कार्यान्वियन पुस्तीकामा उल्लेखित ब्यवस्थालाई पूर्ण रुपमा पालना गरी अनुदान निकाशालाई ब्यवस्थीत गर्नुपर्दछ।

५० **निशुल्क पाठ्यपुस्तकः**

नगरपालिकाले ८२ विद्यालयलाई भौ.नं.१०९-२०८०।१२।२६ वाट रु. ५९,०१,५४१।–पाठ्यपुस्तकको लागी निकाशा दिएकोमा पुनःनपुग पाठ्यपुस्तकको लागी भौ.नं. १८७-२०८१।३।२० वाट २२ विद्यालयलाई थप रु. ४,०३,०००।-- समेत रु. ६३,०४,५४१- निकाशा खर्च लेखेको छ।यस सम्वन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छन्

५०.१ शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागी प्रति विद्यार्थी लागतका आधारमा निशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउदा शैक्षिक सूचना ब्यवस्थापन प्रणाली(IEMIS) मा प्रविष्ठ तथ्याङ्कलाई स्थानिय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतवाट प्रमाणित गरी आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने,यकिन भएका विद्यार्थीका संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाव गरी पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत विद्यार्थी संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा दोश्रो पटक अनुदान दिने,विद्यार्थीहरुले शैक्षीक सत्रको शुरुवातमा नै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने, विद्यार्थीहरुले पाठ्यपुस्तक

वुझेको भर्पाई विद्यालयले स्थानिय तहमा पेश गर्ने लगायतका विषयहरु उल्लेख गरेको छ।पालिकाले IEMISमा प्रविष्ठ तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराएको लगायतका उल्लेखित सवै प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन।गाउँपालिकाले IEMIS मा उल्लेखित शत प्रतिशत विद्यार्थीलाई भौ.नं.१०९-२०८०।१२।२६ वाट रु. ५९,०१,५४१।०० र पुनः थप गरी भौ.नं. १८७-२०८१।३।२० रु.४,०३,०००।०० समेत निकाशा दिएको पाईयो ।कार्यक्रम कार्यविधिमा तोकिएको भन्दा वढि २५ प्रतिशत थप गरी शुरुमै शत् प्रतिशत निकाशा दिएको रकम नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | १२,२५,३८५ |

५०.२ पुस्तक खरिद वील र निकाशा सम्वन्धमा नमुना छनौटको आधारमा परिक्षण गरिएका ५ विद्यालयमध्ये २ विद्यालय महादेव मा.वि. र भगवती मा.वि.लाई क्रमशः रु. ३,६६,३९९।– र रु.१,२८,०८८।- निकाशा दिएकोमा पुस्तक खरिद वील पेश भएन भने देहायका २ विद्यालयलाई पाठ्यपुस्तक खरिद वील भन्दा रु.७६,२८१ ।–वढि निकाशा गरेको पाईयो।विद्यालयलाई पाठ्यपुस्तक खरिद वील भन्दा वढि निकाशा दिएको रकम असुल गर्नुका साथै अन्य विद्यालयको सम्वन्धमा नगपालिका स्वयंले यकिन गरी असुल फछ्यौंट गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७६,२८१ |

## ५१ वढि भुक्तानीः

५१.१ **वढि भुक्तानीः** स्थानिय स्वास्थ्य कार्यक्रम मार्गदर्शन २०८०।८१ मा आमा सुरक्षा कार्यक्रम अन्तर्गत संस्थागत सुत्केरी गराउने महिलालाई गर्भवती उत्प्रेरणा सेवा वापत प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गरी स्वस्थ्य संस्थामा सुत्केरी हुने सेवा ग्राहीलाई प्रति महिला रु. ८००।– का दरले सुत्केरी उत्प्रेरणा रकम उपलब्ध गराउनुपर्ने उल्लेख छ।कफलसेरी स्वास्थ्य चौकीमा १५ जना सुत्केरी महिलाले मात्र ४ पटक गर्भवती जाँच गरेकोमा कार्यक्रम मार्गदर्शन अनुसार सुत्केरी उत्प्रेरणा वापत उक्त स्वास्थ्य संस्थालाई रु. १२,०००।– मात्र भुक्तानी दिनुपर्नेमा भौ.नं.५८-२०८०।९।२४ वाट रु. १३,६००।– दिएकोले वढि भुक्तानी दिएको रु.१६००।– असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६०० |

५१.२ स्थानिय तह स्वास्थ्य कार्यक्रम सञ्चालन मार्गदर्शन २०८०।८१ अनुसार पालिकाले ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अनुसार प्रति पटकको अ.न.मी तथा सहयोगी कर्मचारीलाई क्रमशः रु.१५००।-र रु.१०००।- का दरले यातायात खर्च भुक्तानी गर्न सकिने उल्लेख भएकोमा भौ.नं.२४४-२०८१।३।२४ वाट देउलीकोट स्वस्थ्य चौकीमा उक्त कार्यक्रम सञ्चालन वापत रु.२७,५००।– भुक्तानी गरेकोमा संलग्न कागजात अनुसार उक्त स्वास्थ्य चौकीवाट माघ देखी आषाढ सम्म ४ स्थानमा ६ पटक अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गरेको पाईयो।मार्गदर्शन वमोजिम अनुसार रु.१५,०००।-भुक्तानी गर्नुपर्नेमा रु.२०,०००।-गरेकोले वढि भुक्तानी रु.५,०००।-असुल गर्नुपर्ने रु...

| नाम | सिविर सञ्चालन भएको पटक | गणना भएको पटक | फरक | दर | वढि रकम रु. |
|---|---|---|---|---|---|
| सि.अ.न.मी.तारादेवी जोशी | ६ | ८ | २ | १५०० | ३००० |
| का.स. संगिता चन्द सिह | ६ | ८ | २ | १००० | २००० |
| जम्मा | | | | | ५००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

## ५२ औषधी खरिदः

पालिकाले यस वर्ष गरेको औषधी खरिद सम्वन्धमा देखिएका ब्यहोरा निम्न छन्

५२.१ औषधीजन्य मालसामान खरिद तथा आपूर्ती ब्यवस्थापन सहजीकरण पुस्तीका २०७९ वमोजिम स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीवाट संकलन भएको रुग्णता,सेवाको उपलब्धता,उपचार तालिका,विद्युतीय आपूर्ती ब्यवस्थापन सूचना प्रणाली वमोजिमको अभिलेख र प्रतिवेदन आधारमा संकलन भएको तथ्याङ्क विवरण एवं स्वीकृत कार्यक्रम वमोजिम औषधीको आवश्यकता एवं तोकिएको स्पेसिफिकेशनसंग विश्लेषण गरी लागत अनुमान तयार गरी विश्वस्वास्थ्य संगठनवाट निर्धारित कुशल उत्पादन अभ्यास अनुशरण भई उत्पादन अभ्यास प्रमाणित भएका उत्पादकवाट त्यसै मापदण्ड अनुरुपको औषधी तथा औषधीजन्य सामाग्री आवश्यक परेको समयमा स्वच्छ प्रचलित सार्वजनिक खरिद कानुन वमोजिम प्रतिस्पर्धाको माध्यमवाट ब्यवस्थापन गर्नुपर्ने उल्लेख छ।प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१६,६७,६१२। - को औषधी तथा औषधीजन्य सामान खरिद गरेकोमा उल्लेखित मापदण्डको पालना गरेको पाईएन।सहजीकरण पुस्तिकाले निर्दिष्ट गरेका मापदण्डको पालना गरी औषधी ब्यवस्थापन गर्नुपर्दछ।

५२.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३(क) एक आपसमा अन्तर सम्वन्धीत सामान एकै प्याकेजमा समावेश गरी खरिद गर्न सकिने ब्यवस्था छ ।पालिकाले आवश्यक पर्ने औषधी प्याकेजमा लागत अनुमान तयार गरी सिलवन्दी मार्फत खरिद गर्नुपर्नेमा रु.१८,५६,३५०।- लागत अनुमान भएको औषधी रु. ६,७८,४६४।- मा सिलवन्दी दरभाउको माध्यवाट खरिद गरेको तथा रु. ९,८९,१४८।–को औषधी सिधै खरिद गरेकोले खरिद प्रतिस्पर्धी एवं मितब्ययी नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,८९,१४८ |

५३ **न्यानो झोला खरि**दः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ वमोजिम कार्यालयले खरिद आवश्यकताको पहिचान गरेर मात्र खरिद कारवाही अगाडी वढाउनु पर्दछ।पालिकाले यस वर्ष भौ.नं.११६-२०८१।१।२१ (डि.आर. सर्जिकल) वाट रु.५,००,०००।- मा ५०० थान न्यानो झोला खरिद गरेकोमा लेखापरीक्षण अवधी सम्म स्टोरमा मौज्दात रहेको पाईयो।मौज्दातमा रहेका सामान उदेश्य अनुरुप वितरण गर्ने,सोको अनुगमन गर्ने र प्रतिवेदन लिने ब्यवस्था गरिनुपर्दछ।साथै मौज्दातमा रहने गरी खरिद गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ।

५४

५४.१ नपुग वील भर्पाईः

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४.२ भौ.नं. ३९८-२०८१।३।२४ वाट कार्यालय वैठकको खाजा नास्ता स्वरुप रु.१५,४५०।–वील पेश गरेकोमा रु. ३२०००।– खर्च लेखेकोले पेश वील भर्पाई भन्दा वढि खर्च लेखेको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,५५० |

५५ **सूचना प्रकाशनः**

पालिकाले यस वर्ष गरेको ठेक्का सूचना प्रकाशन सम्वन्धमा देखिएका ब्यहोरा निम्नअनुसार छन्

५५.१ स्थनीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययीता कार्यदक्षता प्रभावकारिता र औचित्य समेतको विचार गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । कार्यालयले दिएको विवरण अनुसार यसवर्ष निर्माण कार्यको सूचना प्रकाशन वापत रु २,४०,८००।- खर्च लेखेको पाईयो । नमुना छनौटको आधारमा मूल्याँकन गर्दा निम्नानुसारको प्रकाशित सूचना ठूलो साईज र अक्षरको प्रयोग गरी बढी सिसिको सूचना प्रकाशन गरेको तथा

एउटै पत्रिकामा एकै दिन सूचना प्रकाशन गर्न सकिनेमा फरक फरक मिति राखि प्रकाशन गरेकोले कार्यालयलाई बढी व्ययभार परेको देखिएको रु

| गो भौ नं मिति | सूचनाको प्रकार | पत्रिका र मिति | साईज | भुक्तानी पाउने | भुक्तानी मिति |
|---|---|---|---|---|---|
| २३४,२३५ र २३७-०८१।३।२४ | ठेक्का सूचना | आर्थीक दैनिक २०८१। १।३० | ४० सिसि | त्रिलक्ष्मी एडभरटाईजिङ | १७०८७६ |
| २३४,२३५ र २३७-०८१।३।२४ | ठेक्का सूचना | मध्यान्ह दैनिक २०८१।१। १० | ५२ सिसि | त्रिलक्ष्मी एडभरटाईजिङ | ६९९२४ |
| जम्मा | | | | | २४०८०० |

| | |
|---|---|
| अनियमित भएको | २,४०,८०० |

५५.२ सरकारी कार्यालयको सूचना प्रकाशन गर्दा प्रकाशन गृहले २५ प्रतिशत छुट दिने ब्यवस्था छ।पालिकाले निम्नानुसारको सूचना प्रकाशन गर्दा प्राप्त हुने छुट भन्दा न्युन छुट लिई सूचना प्रकाशन गराएकोले सूचना प्रकाशन मितब्ययी देखिएन। यसमा सुधार हुनुपर्दछ।.

| भुक्तानी पाउने | मु.अ.कर वाहेकको हुनुपर्ने छुट रकम | छूट भएको रकम | फरक रकम रु. मु.अ.कर समेत |
|---|---|---|---|
| त्रिलक्ष्मी एडभरटाईजिङ | १४००० | ८४०० | ९४९२ |
| | १४००० | ८४०० | ९४९२ |
| | १४००० | ८४०० | ९४९२ |
| | १८२०० | १०८३० | १२२३८ |
| जम्मा | | | ४०७१४ |

५५.३ २०८१ वैशाख १० गते मध्यान्ह दैनिकमा प्रकाशित ठेक्का सूचना ४८ सिसिको भएकोमा ५२ सिसिको भुक्तानी भएको पाईयो।फरक ४ सिसिको १४०० का दरले हुने रु. ५६००।-मा १५ प्रतिशत छुट रु. ८४०।-घटाई हुन आउने रु.४७६०।-मा मु.अ.कर समेतले हुने रु. ५३७८।-असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,३७८ |

५६ **नविकरणीय उर्जा प्रविधि जडान**

**कार्यसम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद निमयावली २०६४ को नियम ११ मा लागत अनुमान सम्बन्धी र १२३ मा विल विजकको भुक्तानी दिंदाको आधार उल्लेख गरेको छ । पालिकाले नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत सडकमा ७ सेट सौर्य वत्ति जडान गर्ने कार्य गर्दा खरिदको लागत अनुमान तयार नगरेको, सौर्य वत्ति खरिद गर्दा वैकल्पीक उर्जा प्रवर्धन केन्द्रले निकालेको सन्दर्भ मूल्यलाई आधार नलिएको, ३ वटा सप्लायर्ससंग दर माग गरी विपि उर्जा तथा परामर्श केन्द्रले पेश गरेको दर रु ९९८८४४। मा खरिद गरेकोमा माग फाराम खरिद आदेश र जिन्सी दाखिला नभएको, RETS Test certificate पेश नभएको तथा सडकमा जडान गरी कार्यसम्पन्न समेत भएको देखिएन । सप्लायर्सलाई भौ नं १९- ०८१।३।२४ वाट रु९९८८४४। मात्र भुक्तानी दिएको कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९८,८४४ |

५७ **प्रसाशकिय भवन निर्माण**

प्रसाशकिय भवन निर्माण कार्यको वाईआर/हटैराज जेभीले कवोल गरेको रु २३०१४१७५।५१ मा दस्रो पटक म्याद थप समेत २०८१। ३।३० भित्र कार्य सम्पन्न गर्ने गरी २०७८।३।३० मा ठेक्का सम्झौता भएकोमार अन्तिम विलसम्म रु १५५३१६९९।– भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

५७.१ **कार्यसम्पादन जमानत**- सार्वजनिक खरिद ऐन २०६३ को दफा ११०(४) मा कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको हकमा सम्झौतामा उल्लेखित त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अविधको हुनुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको दोस्रो पटक म्याद थप भई २०८२।४।३० सम्म रहेकोमा निर्माण व्यवसायीले राष्ट्रिय वाणिज्य वैंकको G 2141000185 को मिति २०८१।७।३० सम्म अवधि रहेको कार्यसम्पादन जमानत रु ३८०००००। राखी सम्झौता गरेको र लेखापरीक्षण अवधि अगावै उक्त जमानतको म्याद समाप्त भएकोले त्रुटी सच्याउने अवधि सम्म खाम्ने कार्यसम्पादन जमानत नविकरण गरेको प्रमाण पेश गर्नुपर्ने लेखापरीक्षणले औंल्याएपछि २०८१।६।४ मा कार्य सम्पादन जमानतको म्याद २०८२।४।३० सम्म थप भएको प्रमाण पेश भएको छ । म्याद थप गर्दा जमानत र विमाको म्याद थप भए पश्चात मात्र निर्माण कार्यको सम्झौता अवधि थप गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

५७.२ **पेश्की जमानत** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की भुक्तानी सम्बन्धी व्यवस्था अनुसार पेश्कीको बैंङ्क जमानत मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । त्यस्तै सम्झौताको शर्त अनुसार ३० प्रतिशत वरावरको काम भएपछी पेश्की कट्टा गरीने ८० प्रतिशत कामको भुक्तानी हुँदा सवै पेश्की फर्स्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा पालिकाले अन्तिम विल तयार पार्दा समेत निर्माण व्यवसायीलाई दिएको पेश्की फर्स्यौट गरेको गरेको छैन । सम्झौतामा उल्लेख भएको अवधिसम्म खाम्ने गरी जमानतको म्याद थपको प्रमाण पेश गर्नुका साथै सम्झौता अनुसार कट्टी नगरेको पेश्कीको व्याज समेत असूल गरी पेश्की फर्स्यौट गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| पेश्की | ४०,००,००० |

५७.३ **रकम कट्टी नगरेको** – निर्माण व्यवसायीलाई भुक्तानी दिंदा सम्झौता अनुसारको अग्रिम कर, मूल्य अभिबृद्धि कर तथा धरौटी रकम कट्टी गरिनु पर्दछ । निर्माण व्यवसायीले अन्तिम विलको मूअकर वाहेकको विजक रकम रु ५७५८७१०।१८ जारी गरेको र कार्यालयले रकम अभाव भएको देखाई भौ नं ४०५- २०८१।३।२४ वाट रु २६०७९३३। मात्र भुक्तानी गरेकोमा १.५ प्रतिशतले अग्रिम कर रु ८६३८१, ३० प्रतिशत मूल्यअभिबृद्धि कर रु २२४५८९। तथा ५ प्रतिशत धरौटी रु २८७९६३। समेत रु ५९८९०६। कट्टी गरी सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९८,९०६ |

५७.४ **एजविल्ट ड्रईङ पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवायीलाई अन्तिम मूल्याँकनवाट एज विल्ड ड्रईङ वापत मूअकर समेत रु ४००६१। मूल्याँकन गरेको छ । अन्तिम मूल्याँकन गर्दा निर्माण व्यवसायीले एज विल्ड ड्रईङ पेश नगरेकोले कार्यालयले भुक्तानी दिन वाँकी रकम भुक्तानी गर्दा उक्त रकम असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,०६१ |

५७.५ **मूअकर समायोजन** - अभिवृद्धि कर नियमावली २०५३ को नियम १७(१) अनुसार मुल्य अभिवृद्धि करमा दार्ता दर्ता भएका व्यक्तिले वस्तु तथा सेवा विक्रि गर्दा प्रापकलाई कर विजक दिनुपर्ने उल्लेख छ । मुल्य अभिवृद्ध कर नियमावलीको १७(१) अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्विकृत गरे देखि वाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) वमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ ।उल्लेखित खरिद कार्यको रकम भुक्तानी माग गर्दा व्यवसायीले तेस्रो तथा अन्तिम रनिङ विलको एउटै विजक नम्वर पेश गरेकोले निजलाई निम्नानुसार भुक्तानी भएको रु ७६५०५९। को मूल्य अभिबृद्धि कर आन्तरीक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण समेत पेश हुनुपर्ने रु

| रनिङ विल | विजक नं | मूअक वाहेकको विजक रकम | मू अकर रकम | ७० प्रतिशतले भुक्तानी दिएको मूअकर रकम |
|---|---|---|---|---|
| तेस्रो | २ | २६४८५३१ | ७४८६३२ | ५२४०४३ |
| अन्तिम | २ | ५७५८७१० | २४४३०९ | २४१०१७ |
| जम्मा | | | | ७६५०५९ |

| प्रमाण पेश नगरेको | ७,६५,०५९ |
|---|---|

५८ **एकिकृत स्वास्थ्य पूर्वाधार**

एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत 15 शैया अस्पताल निर्माण कार्य कुमार अमृत जेभीले कवोल गरेको रु ११४६८३५५७।०० मा २०८१।७।१४भित्र कार्य सम्पन्न गर्ने गरी २०७८।७।१४ मा ठेक्का सम्झौता भएकोमार दोस्रो विलसम्म रु ३३०५३९२२।– भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

५८.१ **विल भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्ययवस्था छ ।दोस्रो रनिङ विलको भुक्तानी दिंदा शिल व्याण्ड तथा लिन्टल कार्यको ३.६५ घमी आरसिसि कार्यवापत भुक्तानी गरी सकेकोमा providing and laying machine made brick masonry work in cement sand mortar 1:4 in superstructure कार्यको भुक्तानी दिंदा शिल व्याण्ड तथा लिन्टल कार्यको परिमाण नघटाई भुक्तानी गरेकोले निर्माण व्यवसायीले कवोल गरेको गाह्रो लगाउने कार्यको प्रति घमी रु. १४७२५।- का दरले मू.अ.कर समेत रु. ६०७३३।–असूल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ६०,७३३ |
|---|---|

५८.२ **कार्यसम्पादन जमानत**- सार्वजनिक खरिद ऐन २०६३ को दफा ११०(४) मा कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको हकमा सम्झौतामा उल्लेखित त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अविधको हुनुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको म्याद थप नभएको अवस्थामा त्रुटी सच्याउने अवधि २०८२ मंसीर १४ सम्म रहेकोमा निर्माण व्यवसायीले सिद्दार्थ वैंकको 011 GTPB 213010003 को मिति २०८०।१२।१४ सम्म अवधि रहेको कार्यसम्पादन जमानत रु २६६४००००। राखी सम्झौता गरेको र लेखापरीक्षण अवधि अगावै उक्त जमानतको म्याद समाप्त भएकोले त्रुटी सच्याउने अवधि २०८२ मंसीर १४ सम्म रहेको कार्यसम्पादन जमानत नविकरण गर्नुपर्ने भनी लेखापरीक्षणले औंल्याएपछि २०८१।६।६ मा कार्य सम्पादन जमानतको म्याद क्रमश: २०८२।९।२४ सम्म थप भएको प्रमाण पेश गरेको छ ।म्याद थप गर्दा जमानत र विमाको म्याद थप भए पश्चात मात्र निर्माण कार्यको सम्झौता अवधि थप गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

५८.३ **बढी भुक्तानी** - निर्माण व्यवसायीसंग भएको सम्झौतामा मूल्य समायोजन सम्बन्धी प्रावधान नरहेकोमा पहिलो विलको भुक्तानी दिंदा मूल्य समायोजन रु २५९४४२। र विड मूल्यमा छुट दिएको ५ प्रतिशत रकम नघटाएको रु १४२२३८। को मूल्य अभिबृद्धि कर समेत रु ४५३८९८। दिएकोमा दास्रो रनिङ विलमा नपाउने रकम घटाई भुक्तानी दिंदा ४०१६७२। मात्र कट्टा गरेकोले नपुग रु ५२२१७। असूल हुनुपर्ने रु

| असुल गर्नुपर्ने | ५२,२१७ |
|---|---|

५८.४ **पेश्की जमानत** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की भुक्तानी सम्बन्धी व्यवस्था अनुसार पेश्कीको बैंङ्क जमानत मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीलाई सिद्दार्थ बैंकको जमानत नं 011 GTPA 213650001 मिति २०७९।९।१५ सम्म अवधि रहेको जमानतवाट रु ९४०००००। र 011 GTPA 221770001 मिति २०८०।३।१० सम्म मान्य अवधि रहेको जमानतवाट रु ९४०००००। समेत रु १८८०००००। पेश्की दिएको र दुवै पेश्की जमानतको म्याद समाप्त भएकोमा लेखापरीक्षण अविध सम्म

जमानतहरुको म्याद थप नभएकोले पेश्की जोखिममा परेको छ । भनी लेखापरीक्षणले औंल्याएपछि दुवै पेश्की जमानतको म्याद क्रमश: २०८१।६।७ र २०८१।९।१३ सम्म थप भएको प्रमाण पेश गरेको छ ।म्याद थप गर्दा पेश्की जमानतको म्याद थप भए पश्चात मात्र निर्माण कार्यको सम्झौता अवधि थप गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

५८.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको बिल बिजक भुक्तानी गर्दा प्राबिधिक नापजाच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गरिनु पर्ने उल्लेख गरेको छ ।निर्माण कार्यको नर्मस अनुसार लागत अनुमान तयार गर्दा फलामे डण्डीको जर्ति वा ल्यापिङको परिमाण निर्धारण हुनेमा कार्यालयले वार वेण्डीङ सेड्युल तयार नगरी केजीको हिसाव निकाली दोस्रो रनिङ विलसम्मको ४१८.७५ केजी ल्यापिङ दिएकोले निर्माण व्यवसायीले कवोल गरेको प्रतिकेजी दर ९९।७५ ले मूकर समेत रु ४७२००। असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,२०० |

५८.६ **विमा** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा वीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले सम्झौतामा उल्लेख भएका कुराहरुको विमा गराउनु पर्ने व्यवस्था छ । उक्त निर्माण कार्यको दास्रो रनिङ विलको भुक्तानी गर्दाको अवस्थासम्म निर्माण व्यवसायीले निर्माण कार्य, निर्माण सामाग्री, औजार, उपकरण, कामदार लगायका विषयको जोखिम बहन गर्ने गरी निर्माण सम्पन्न पश्चात हस्तान्तरण गरीने अवधि सम्मको विमा गरी सो वापत रकम भुक्तानी गरेको देखिएन ।

**गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ तथा खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । जस अनुसार खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर आश्वस्तता योजना निर्माण व्यवसायीले उपलव्ध गराउनु पर्ने र सोही योजना अनुसार गुणस्तर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि उल्लेखित योजनामा दोस्रो रनिङ विलसम्म रु. ३३०५३९२२। भुक्तानी गर्दा समेत ईटा, वालुवा, सिमेन्ट, गिट्टि आदीको गुणस्तर परीक्षाण गरेको पाईएन ।उक्त नियम अनुसार गुणस्तर परीक्षण गराएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्थाको पालना पनि गरेको पाइएन । निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ ।

५९ **मनुस पहिरो नियन्त्रण**

संघीय विशेष अनुदान बजेट शिर्षकवाट रु ४८२८८४१। लाखको लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्दा सफल ढुंगा निर्माण सेवाले कवोल गरेको रु २६०७४६१। मा मिति २०८१।३।१० भित्र सम्पन्न गर्ने गरी २०८०।१२।२४ मा सम्झौता गरी रु १९७७८६७। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

५९.१ **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ अनुसारको अवस्था परी खरिद सम्झौता बमोजिमको काम सम्झौता अवधि भित्र सम्पन्न गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत विमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका पेश गरी म्याद थप निवेदन दिनु पर्ने व्यवस्था छ । कार्यपालिकाले नियमावलीको प्रावधान पुरा नगरी २०८०।३। २० को निर्णय अनुसार २०८१ मंसीर मसान्त सम्म म्याद थप गरेकोमा निर्माण व्यवसायीले पेश गरेको राष्ट्रिय वाणिज्य वैंकको कार्यसम्पादन जमानत BM-NCB/w-02-080.81 रु ८७६२४७।८७। को २०८२ फागुन मसान्त सम्मको म्याद थप वेगर निर्माण कार्यको म्याद थप गरेकोले सम्झौता अवधि समेत त्रुटी सच्याउने अवधि सम्मको कार्यसम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,७६,२४८ |

५९.२ **कोटेशन कार्य** –पालिकाले पहिलो ठेक्काको रु २२२१३८०। बचत रकमवाट कोटेशन मार्फत काम गराउने उद्देश्यले रु ९९४९५७। लागत अनुमान तयार गरी केदार निर्माण सेवासंग काम सम्पन्न गर्नु पर्ने अवधि नतोकि २०८१।२।३० मा सम्झौता गरी भौ नं २१-०८१।३।२४ बाट रु ९८९१८५। खर्च लेखेको छ । मूल ठेक्काको लागत अनुमान तयार गर्दा र कोटेशनबाट गर्ने कार्यको लागत

अनुमान तयार गराउँदा स्थान नतोकि लागत अनुमान गरेकोले काममा दोहोरोपना भएको छैन भनी आश्वस्त हुन सकिएन ।मूल ठेक्कामा निर्माण व्यवसायी परिचालित भैरहेको अवस्थामा सोही स्थानमा कोटेशनवाट कार्य गराएको उचित नदेखिनुका साथै कोटेशन कार्य मितव्ययी समेत देखिएन ।एउटै योजनामा २ व्यवसायीवाट भएको काममा दोहोरोपना नभएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८९,१८५ |

६० **व्याकहो लोडर**

धरौटी कट्टी नगरेको – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम ४ बमोजिम सार्वजनिक निकायले विल विजक भुक्तानीमा पाँच प्रतिशत रकम कट्टा गरी रिटेन्सन वापत राख्नु पर्ने व्यवस्था छ । पालिकाले वित्तिय समानिकरण अनुदान बजेट शिर्षकवाट रु ५५०००००। बजेट विनियोजन गरी सोही रकम वरावरको लागत अनुमान तयार गरी व्याकहोलोडर खरिद कार्यको ठेक्का व्यवस्थापन गर्दा युनाईटेड हेभी ईक्यूपमेन्ट एण्ड अर्थ मूभर्स प्रालिले कवोल गरेको रु ४३४३०००।०० मा सम्झौता गरेकोमा ठेक्का सम्झौताको करार गर्दा रिटेन्सन मनी सम्बन्धमा उल्लेख नगरेको तर यस सम्झौतामा उल्लेख भएका कुरा सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित ऐन बमोजिम हुने उल्लेख गरेकोमा कार्यलयले भौ नं ३६६- २०८१।३।२१बाट रु ४३४३०००। भुक्तानी गरेको रकम को पाँच प्रतिशतले हुने रु २१७१५०। कट्टा नगरेकोले सम्झौता र ऐन बमोजिम नदेखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१७,१५० |

६१ **साणिल्य झाड बुढा मसानी सिंचाई योजना**

**कोटेशन कार्य** – लागत अनुमान रु २४१४३७०। रहेको साणिल्य झाड बुढा मसानी सिंचाई योजनाको ठेक्का व्यवस्थापन गर्दा जय निर्माण सेवाले कवोल गरेको रु १३२८०९७। मा मिति २०८१।२।३० भित्र सम्पन्न गर्ने गरी २०८०।११।२४ मा सम्झौता गरी रु १३०४३३७। भुक्तानी गरेको छ । पालिकाले पहिलो ठेक्काको रु १०८६२७३। बचत रकमवाट कोटेशन मार्फत काम गराउने उद्देश्यले रु ९९६५८३। लागत अनुमान तयार गरी क्षितिज निर्माण सेवासंग काम सम्पन्न गर्नु पर्ने अवधि नतोकि २०८१।२।३० मा सम्झौता गरी भौ नं ४७-०८१।३।२४ बाट रु ३९९७५४। र नपा पूँजीगतको भौ नं १०६०-०८१।३।२४ वाट रु ५९३६२२। समेत रु ९९३३७६। खर्च लेखेको छ । मूल ठेक्काको लागत अनुमान तयार गर्दा र कोटेशनबाट गर्ने कार्यको लागत अनुमान तयार गराउँदा स्थान नतोकि लागत अनुमान गरेकोले काममा दोहोरोपना भएको छैन भनी आश्वस्त हुन सकिएन । मूल ठेक्का सम्झौता रकम र कोटेशन कार्यको सम्झौता रकमको तुलना गर्दा कोटेशन कार्य मितव्ययी समेत देखिएन । एउटै योजनामा २ व्यवसायीवाट भएको काममा दोहोरोपना नभएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ९,९३,३७६ |

६२ **वडा नं ७ को वडा कार्यालय भवन निर्माण कार्य**

संघिय समपुरक अनुदान अन्तर्गत वडा नं ७ को वडा कार्यालय भवनको लागि यस वर्ष रु ४१८१८७५। प्राप्त भई सोही रकम वरावर खर्च भएको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

६२.१ **खर्च अनुपात** - संघीय सरकारको समपूरक अनुदानमा संचालित कार्यक्रममा संघीय सरकारको ५० प्रतिशत र नगरपालिकाको ५० प्रतिशतको अनुपातमा खर्च गरिनुपर्दछ । कार्यालयले वडा नं ७ भवन निर्माण निर्माण कार्यको पहिलो ठेक्का, कोटेशन कार्य र कन्टेन्जेन्सी समेत रु ४१८१८७५। खर्च गरेकोमा सवै खर्च संघीय समपुरक अनुदान वाट खर्च लेखेको छ । नियम बमोजिम पालिकाले रु २०९०९३७। र सोही वरावर रकम समपुरक अनुदानबाट खर्च लेख्नु पर्नेमा नलेखी समुपरक अनुदानवाट बढी खर्च लेखेको रु २०९०९३७। संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,९०,३९७ |

६२.२ **परामर्शदातावाट लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ मा २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउनु पर्ने व्यवस्था छ । वडा कार्यालयको भवन निर्माणको

लागत अनुमान कार्यालयलकै कर्मचारीले बनाउन सक्नेमा २०८०।८।२० मा प्राविधिक शाखाले उठाएको टिप्पणी अनुसार प्राविधिक शाखामा दक्ष जनशक्ति नभएकोले परामर्श सेवा मार्फत खरिद गर्न प्रमुख प्रशासकिय अधिकृतको स्वीकृत टिप्पणी आदेश अनुसार ३ फर्म संग कोटेशन लिई जनसेवा ईन्जिनियरिङ कन्सल्टेन्सी वाट लागत अनुमान तयार गराई भौ नं ३-२०८०।९।१ बाट रु ४६९५३९। खर्च लेखेकोमा लागत अनुमान तयार गर्ने कार्यमा पालिकाले मितव्यीता कायम गरेको छैन । योजनाको लागत अनुमान तयार गर्ने कार्य कार्यालयकै जनशक्तिवाट गारईनु पर्दछ ।

६२.३ **ठेक्का कार्य** - लागत अनुमान रु ८४६४११२।८३ मूअकर र कन्टेन्जेन्सी बाहेकको भवन निर्माण कार्यको ठेक्का व्यवस्थापन गर्दा प्रिति निर्माण सेवाले कवोल गरेको रु ६२८२९४६। (मू अर समेत) मा मिति २०८१।३।१० भित्र सम्पन्न गर्ने गरी २०८०।११।२४ मा सम्झौता गरी सम्झौता अवधि भित्र रु १८९११४३। को मात्र कार्य गरी भौ नं २४-२०८१।३।२४ वाट भुक्तानी भएको छ । कार्पालिकाको मिति २०८१।३।२० को निर्णय अनुसार २०८१ माघ मसान्त सम्म म्याद गरेकोमा म्याद थपको प्रक्रिया पुरा गरेको देखिएन ।

६२.४ **कोटेशन कार्य** – समपुरक अनुदान कार्यविधि २०७५ संशोधन २०७६ को बुँदा ९ (१) मा समपुरक अनुदान गर्दा जुन आयोजना/ कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही आयोजना/ कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले लागत अनुमानमा समावेश नभएको भनी कम्पाउण्ड वाल कार्यको रु ९९७६७०। को लागत अनुमान तयार गरी साईन निर्माण सेवा संग काम सम्पन्न गर्नु पर्ने अवधि नतोकि २०८१।२।३० मा सम्झौता गरी भौ नं २३-०८१।३।२४ बाट रु ९९४७०७। खर्च लेखेको छ । परामर्शदातावाट लागत अनुमान तयार गराउँदा एकमुष्ट लागत अनुमान तयार नगरेको सम्बन्धमा पालिकाले कारवाही गरेको देखिएन ।साथै मूल ठेक्कामा निर्माण व्यवसायी परिचालित भैरहेको अवस्थामा सोही कार्य शिल कोटेशनवाट गराएको उचित देखिंदैन ।समपुरक अनुदान श्रोतवाट खर्च हुने योजनामा थप कार्य गर्दा अनुदान दिने निकायसंग स्वीकृति लिएको नदेखिएकोले थप कार्यको स्वीकृती समर्थन गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९४,७०७ |

६२.५ **कार्यसम्पादन जमानत र पेश्की जमानत** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ अनुसारको अवस्था परी खरिद सम्झौता बमोजिमको काम सम्झौता अवधि भित्र सम्पन्न गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत विमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका पेश गरी म्याद थप निवेदन दिनु पर्ने व्यवस्था छ । पालिकाले म्याद थप गर्दा निर्माण व्यवसायीले पेश गरेको कृषि विकास वैंकको कार्यसम्पादन जमानत PB/0225/0240/6347/24 रु १२३१४९०। को २०८२ फागुन मसान्त सम्म र पेश्की जमानत APG/0225/0100/6347/24 को रु ६२८०००। को म्याद थप वेगर कार्यसम्पन्न गर्नुपर्ने अवधि थप गरेकोले सम्झौता अनुसार म्याद थप नगरेकोमा लेखापरीक्षणले औंल्याएपछि २०८१।६।४ मा दुवै जमानतको म्याद क्रमश: २०८२।११।२९ र २०८१। १०।३० सम्म थप भएको प्रमाण पेश गरेको छ ।म्याद थप गर्दा जमानत र विमाको म्याद थप भए पश्चात मात्र निर्माण कार्यको सम्झौता अवधि थप गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

६२.६ समपुरक अनुदान कार्यविधि २०७५ संशोधन २०७६ को बुँदा ४ मा अनुदान माग गर्दा अन्य कुराको अतिरिक्त आयोजना/कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई, संभाव्यता अध्ययन प्रतिवेदन, कुल लागत, आयोजना/कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण, सम्पन्न गर्न लाग्ने समय, स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङकन प्रतिवेदन, एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना/कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण, आयोजना/कार्यक्रमको कुल लागतमध्ये नेपाल सरकार र प्रदेश वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण लगायतको विवरण स्वीकृत गरी अद्यावधिक राख्नु पर्नेमा प्रकृया उल्लेखित प्रकृया पुरा गरी योजना छनौट भएको देखिएन । योजना छनौट गर्दा र कार्यान्वयन गर्दा कार्यविधिले निर्दिष्ट गरेका प्रावधान पुरा हुनु पर्दछ ।

६३ **उपभोक्ता अंशः**

वुङ्गल नगरपालिका उपभोक्ता समिती गठन तथा सञ्चालन सम्वन्धी कार्यविधि २०८० मा उपभोक्ता समिती मार्फत भएको योजनामा उपभोक्ता समितिले कूल लागतको न्युनतम १५ प्रतिशत अंश ब्यहोर्नुपर्ने उल्लेख छ। पालिकाको देहाय वमोजिमका योजनामा कार्यविधिले तोके अनुसारको उपभोक्ता अंश ब्यहोरेको पाईएन। कार्यविधि भन्दा कम उपभोक्ता अंश रु.१,९९,७९७।- असुल गर्नुपर्ने रु.

| योजनाको नाम | कार्यसम्पन्न रकम | कट्टा हुनुपर्ने उ.स.अंश | कट्टा भएको | फरक रु. |
|---|---|---|---|---|
| हरिश्चन्द्र आ.वि. भवन निर्माण | १११५२९२ | १६७२९४ | ११५२९२ | ५२००२ |
| वेलिव्रिज देखि पिपलवोट सम्म तटवन्ध निर्माण | १८३७६९७ | २७५६५४ | १३७६९७ | १३७९५७ |
| निमिलिगाड तटवन्ध | ३४१३७८ | ५१२०६ | ४१३७८ | ९८२८ |
| जम्मा | | | | १९९७९७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९९,७८७ |

६४ **उपभोक्ता समिति कार्य**

६४.१ **उपभोक्ता समिति मार्फत काम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । लेखापरीक्षणमा प्रविधिकको मूल्याङ्कनलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सो मध्ये नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका गाउँपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क. कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

ख. हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन।

ग. योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

घ. कुनैपनि उपभोक्ता समितिसँग योजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

ङ. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

च. कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

छ. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

ज. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

झ. उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भरपाई गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

ञ. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भरपाई सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ ।

तसर्थ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भरपाई पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६४.२ **उपभोक्ता अंशमा एकरुपता नभएको** – पालिकाले उपभोक्ता समितसंग मार्फत गर्ने कार्यको लागि कार्यविधि बनाई योजनागत रुपमा लागत सहभागितमा एकरुपता कायम गर्नु पर्नेमा कार्यविधि नवनाएको तथा विभिन्न योजनामा फरक फरक उपभोक्ता सहभागिता देखिएकोले कार्यविधि बनाई लागत सहभागितामा एकरुपमा कायम गर्नुपर्दछ । फरक फरक लागत सहभागिताका केही उदाहरण निम्नानुसार छन्

| योजनाको नाम | लागत अनुमान | उपभोक्ता सहभागिता | लागत सहभागिता प्रतिशत |
|---|---|---|---|
| चन्द्र माविं खेल मैदान निर्माण | ९४२३२३ | १४२३२३ | १५.१० |
| जनता प्रावि सौचालय निर्माण | १००३७२४ | २०३७२४ | २०.३० |
| पारिवगत मजिउन खानेपानी निर्माण | ५६२३९६ | ६२३९६ | ११.०९ |
| शारदा मावि सैनाडी घेरवार | ९६३५८० | १६३५८० | १६.९८ |
| डुंग्री वगर पर्यटन पूर्वाधार निर्माण | ६३६४३९ | १३६४३९ | २१.४४ |
| भवानी आवि पर्खाल निर्माण | ९४७१६८ | १४७१६८ | १५.५४ |

६४.३ **भुक्तानी नहुँदै सडक क्षति-** लागत अनुमान रु २२८९३२१।०० रहेको विजगडा खोल्लेक सडक मर्मत कार्यको लागि सडक वोर्डको श्रोतवाट ७० प्रतिशत नगरपालिका १५ प्रतिशत र उपभोक्ता समितिले १५ प्रतिशत लागत व्यहोर्ने तथा २०८०।३।१२ मा सम्पन्न गर्ने गरी उपभोक्ता समितिसंग २०८०।२।६ मा सम्झौता भएको पाईयो। उक्त सडक मर्मत कार्यमा प्राविधिक मूल्याँकन अनुसार २२७५७०६।०० बरावरको काम भएको र वडा नं ३ को कार्यालयले सम्झौता अनुसारको काम सम्पन्न भएकोले भुक्तानी दिनु भनी २०८०।२।२६ मा सिफारिश गरेको पाईयो। तर उक्त सडकमा २०८०।३।१० देखि ऐ १५ सम्म परेको अविरल वर्षाका कारण ३ घमीको ३३ जाली २ घमीको ३२ जालि र १.५ घमीको २८ जाली र पर्खाल समेत वगाई लगेको २०८०।३।१७ को प्रहरी मुचुल्का र कार्यपालिकाको मिति २०८० कार्तिक २५ को निर्णय अनुसार काम सम्पन्न भएको तर भुक्तानी नदिंदा उपभोक्ता समितिलाई मर्का पर्ने भनी सडकवोर्ड श्रोतको भौ नं ५-२०८०।८।१० वाट रु १५९२९९४।०० र नगरपालिका श्रोतको भौ नं ८०-२०८०।८।१० वाट रु ३४१३५५।०० समेत रु.१९२४३४९।०० खर्च लेखेको छ । आर्थिक वर्षको अन्त्य अर्थात असार महिनामा काम गर्न लगाएको तथा

उपभोक्ता समितिले गरेको कार्यको विमा नगराएको अवस्था रहेकोले खर्च गरेको रकम उपलव्धी विहिन भएको देखिन्छ । यस तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ।

६४.४ सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा सडक विभागले जारी गरेको नर्मस २०७५ प्रयोग गर्नुपर्दछ । आ व २०७९।८० मा निर्माण भएका सडकको सडक वोर्डवाट विनयोजित बजेट कार्यान्वियन गर्दा सडक वोर्ड ७० प्रतिशत नगरपालिका १५ प्रतिशत र उपभोक्ता समिति १५ प्रतिशतले लागत व्यहोर्ने गरी सडक मर्मत कार्य गर्दा निम्नानुसारका योजनामा packing and filling gabin box with rubble stone कार्यको ढुँगा ढुवानीमा सडक विभागले तोकेको नर्मस भन्दा फरक पारी लागत अनुमान तयार गरी उपभोक्ता मार्फत योजना कार्यान्वियन गराई भुक्तानी दिंदा बढी व्ययभार परेकोले उक्त रकम सम्बन्धितबाट असूल गर्नुपर्दछ।

| गो भौ नं मिति | योजनाको नाम | सडक विभागको नर्मस अनुसार प्रति घमी दर | कार्यालयको दर | बढी दर | कामको परिमाण घमी | उपभोक्ताको अंश कटाई बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २-२०८०।७।२ | साउनका भरान देखी ठुला ढुंगा सडक गत वर्षको भुक्तानी | ३५६८ | ५७३७ | २१६९ | २१५ | ३९६३८४ |
| ३-२०८०।७।२ | खाली वगर देखि नगरपालिका सडक गत वर्षको भुक्तानी | ३५६८ | ५७३७ | २१६९ | १७५ | ३२२६३९ |
| जम्मा | | | | | | ७१९०२२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,१९,०२३ |

६४.५ **मूअकर समायोजन -** अभिवृद्धि कर नियमावली २०५३ को नियम १७(१) अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले वस्तु तथा सेवा विक्रि गर्दा प्रापकलाई कर विजक दिनुपर्ने उल्लेख छ । मुल्य अभिवृद्ध कर नियमावलीको १७(१) अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्विकृत गरे देखि वाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) वमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ ।१० नं वडा कार्यालय सडक तथा फिल्ड निर्माण कार्यको रकम भुक्तानी गर्दा वाईसधारा कन्स्ट्रक्सन कम्पनीले पेश गरेको विलमा मिति उल्लेख नगरी रु ३५३०००। विजक जारी भएको अवस्थामा रु६१५४८।७६ को ७० प्रतशितले भुक्तानी भएको मू अरक रु ४३०८४। सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण समेत पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४३,०८४ |

६५ **धरौटी** – सार्वजनिक खरिद नियमावली २०६४ नियम १२४ मा कार्य सम्पन्न प्रतिवेदन जारी भएपछि रिटेन्सन कट्टा गरिएको रकमको ५० प्रतिशत फिर्ता गर्ने र वाँकी पचास प्रतिशत रकम आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरी पछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले धरौटी गोश्वारा खाता र व्यक्तिगत धरौटी खाता नराखेको, धरौटी आम्दानी धरौटी खातामा नवाँधी संचित कोषमा राख्ने गरेकोले धरौटी आम्दानी र खर्चको यथार्थ मूल्याँकन गर्न सकिएन । कार्यपालिकाको २०८०।११।९ को निर्णयअनुसार हिउँदे अधिवेशनवाट २१ लाख धरौटी खातामा विनियोजन गरी धरौटी फिर्ता गरेकोमा करचुक्ता तथा कर मूल्य कर समायोजन पत्र वेगर व्यवसायीको निवेदनका आधारमा निम्नानुसार धरौटी फिर्ता गरेको छ । करचुक्ता प्रमाण पत्र तथा मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु

| गो भौ नं मिति | व्यवसायीको नाम | धरौटी फिर्ता रकम |
|---|---|---|
| ३-०८०।११।१७ | ऐन केपी कन्स्ट्रक्सन | ३९५४०५ |
| ४-०८०।११।१७ | अमृत कन्स्ट्रक्सन | ४२०३२६ |
| ६-०८०।११।१८ | डोलारी कन्स्ट्रक्सन | ५६८४२१ |
| ७-०८०।११।१८ | सेन निर्माण सेवा | १९०००० |
| ८-०८०।११।१८ | विनोद निर्माण सेवा | १३३९४८ |
| ९-०८०।११।१८ | रैका आर के निर्माण सेवा | ६५५०३ |
| १०-०८०।११।१८ | सफल ढुङ्गा निर्माण सेवा | ३४४४१ |
| ११-०८०।११।१८ | जे डी एम आर विल्डर्स प्रालि | ८०००० |
| १२-०८०।११।१८ | अपि सैपाल ट्रेड एण्ड सप्लायर्स | २७००० |
| १४-०८०।११।१८ | वाईसधारा कन्स्ट्रक्सन | ७३००० |
| १५-०८०।११।१८ | बट्टुलसरी निर्माण तथा ढुवानी सेवा | ८४३३५ |
| १७-०८०।१२।१६ | क्षितिज कन्स्ट्रक्सन | ५०००० |
| १९-०८१।२।६ | सुवास निर्माण सेवा | ५०००० |
| जम्मा | | २१७२३७९ |

| प्रमाण पेश नगरेको | २१,७२,३७९ |
|---|---|

६६ स्थानीय तह स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका २०८०।८१ मा पोषण सम्बन्धि क्रियाकलापमा स्वास्थ्य संस्थामा पोषण विशेष कार्यक्रमको गुणस्तर मूल्याँकन कुपोषण व्यवस्थापनको लागि पोषण पुनर्स्थापना केन्द्र संचालन स्वास्थ्यकर्मीलाई बृहत पोषण प्याकेज क्षमता अभिवृद्धि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई बृहत पोषण प्याकेज क्षमता अभिवृद्धि लगायतका कार्यक्रम गर्नुपर्ने व्यवस्था छ। निर्देशिका विपरित २०८०।८१ का लागि सुदुर पश्चिम प्रदेश सरकारवाट विशेष अनुदानबाट स्वास्थ्य र सुखी बुंगल हाम्रो सरोकार प्रभावकारी रुपमा पोषण सुधार कार्यक्रममा विनियोजित रकम नगर कार्यपालिकाले विभिन्न कार्यक्रममा वाँडफाँट गरी खर्च लेखेकोमा पोषण कार्यक्रमसंग प्रत्यक्ष सम्बन्ध नराख्ने क्रियाकलापमा खर्च गरेकोले निर्देशिका अनुरुप नदेखिएको खर्च रकम नियमित हुनुपर्दछ।

| भौ नं मिति | संचालित क्रियाकलाप | खर्च रकम |
|---|---|---|
| १५-०८१।३।५ | वडा नं १२ र ८ मा छाउपडी प्रथा लैङ्गिक हिंसा तथा घरेलु हिंसा विरुद्ध सचेतना कायक्रम | ५०००० |
| १९-०८१।३।१२ | वाटर फिल्टर ७५ थान ड्वाईलेट व्रस ७५ थान हर्पिक ७५ थान र गाडी भाडा | ३००००० |
| २१-०८१।३।१४ | भगवती माविमा पानी ट्याँकी खरिद | १०००० |
| २२-०८१।३।१४ | डोलारी मावि वास कर्नर स्थापना | १०००० |
| २३-०८१।३।१९ | महेन्द्र माविमा वास कर्नर स्थापना | १०००० |
| २६-०८१।३।२३ | उप्केसेन खानेपानी मर्मत | १८५५४३ |
| ३५-०८१।३।२३ | महिला समूहका सदस्यहरुलाई योजना छनौट कार्यान्वयन सम्बन्धी अभिमुखिकरण | ४५६०० |
| ३६-०८१।३।२३ | सुर्योदय माविमा वास कर्नर स्थापना | १०००० |
| ३७-०८१।३।२३ | बाह्रदेउ आविमा वास कर्नर स्थापना | १०००० |
| ३९-०८१।३।२४ | सालकाटे खानेपानी निर्माण | २८९१३५ |
| | जम्मा | ९२०२७८ |

| | |
|---|---|
| अनियमित भएको | ९,२०,२७८ |

६७ **सम्भाव्यता अध्ययन**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१०,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६८ **सुरक्षित नगरिक आवास कार्यक्रम** - सुरक्षित आवास कार्यान्वयन कार्यविधि २०७५, (संशोधन २०७७।१।८) को बुँदा ३ मा लक्षित वर्गको पहिचान गर्ने, बुँदा ४ मा लाभग्राही छनौटको आधार विधि र बुँदा ५ मा अनुदान सम्झौता र बित्तिय प्रवन्ध गर्नुपर्ने तथा बुंदा ६ मा झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनको लागि अनुदान उपलव्ध गराइएको हो सोही प्रयोजनमा खर्च

नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइए वा किस्ता बमोजिमको गर्नुपर्ने कार्यप्रगति अनुदान उपलव्ध गराइएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम स्थानीय तहले असूल उपर गर्ने व्यवस्था छ । पालिकाले सुरक्षित नागरीक आवास समन्वय समितिले लाभग्राही छनौट र सिफारिश गरेको नामावलीको आधारमा जस्तापाता काठ उपलव्ध गराउन ३५ जना लाभग्राहीहरुको खातामा जनही रु. ४००००।- का दरले भौ.नं. १८-२०८१।३।२४ मा रु.२४५००००। खर्च लेखेको देखियो । निकासा खर्च लेख्नदा छनौट प्रकृया र छनौट गरिकएका व्यक्तिहरुको विवरण पेश भएन । साथै निकासा खर्च खर्च लेख्दा अन्य निकायवाट यस प्रकारको सुविधा नलिएको सुनिश्चितता गरेको देखिएन। दिएको रकमवाट भए गरेको कामको प्राविधिक मूल्याँकन गरेर मात्र थप निकासा दिनु पर्दछ ।

६९ **फरक नर्मस** - सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा सडक विभागले जारी गरेको नर्मस २०७५ प्रयोग गर्नुपर्दछ । आ व २०७९।८० मा नगरपालिका चालु शिर्षकमा म्याचिङ फण्ड तथा समपुरक योजनाको कोटेशनवाट कार्य गराउँदा सडक वोर्ड ७० प्रतिशत र नगरपालिकाले ३० प्रतिशत लागत व्यहोर्ने गरी निम्नानुसारका सडक निर्माणका योजनामा packing and filling gabin box with rubble stone को लागत अनुमान तयार पार्दा सडक विभागले तोकेको ढुँगा ढुवानीको लिडमा नर्मसले तोके भन्दा बढी जनशक्ति र मिटर राखी बढी खर्च लाग्ने गरी लागत अनुमान तयार गरेको र योजना कार्यान्वियन गराई भुक्तानी दिंदा बढी व्ययभार परेको रु

| गो भौ नं मिति | योजनाको नाम | निर्माण व्यवसायी | सडक विभागको नर्मस अनुसार प्रति घमी दर | कार्यालयको दर | बढी दर | कामको परिमाण घमी | मू अकर समेत बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १०५७-०८१।३।२४ | विजगडा देखि खोल्लेक सडक | एसएस कुँवर निर्माण सेवा | ३४२८।५० | ४८१८।३९ | १३८९।८९ | १२९.५ | २०३३८९ |
| १०५६-०८१।३।२४ | काटै देखि कचाली सडक | ए के कन्स्ट्रक्सन | ३४२८।५० | ४८१८।३९ | १३८९।८९ | १२९.५ | २०३३८९ |
| जम्मा | | | | | | | ४०६७७८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०६,७७८ |

७० **योजना कार्यान्वियनः** नगरसभाको वजेट अधिवेशनले निर्णयले १० लाख रुपैया भन्दा वढिको लागत अनुमान भएका योजना उपभोक्ता समितीवाट नगर्ने निर्णय भएकोमा हिउदे अधिवेशनमा निर्णय परिवर्तन गरी देहायवमोजिमका १० लाख भन्दा माथीको योजना तथा १० लाख भन्दा माथीका योजनालाई टुक्र्याई उपभोक्ता समिती मार्फत गरेको पाईयो ।दोहोरो निर्णय गरी निर्माण कार्य गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।नगरपालिकावाट उपभोक्ता समिती मार्फत निर्माण कार्य भएका १० लाख रुपैया भन्दा वढिको लागत अनुमान भएका योजनाको केही उदाहरण निम्न छन्

| योजनाको नाम | नगरपालिका योगदान | कैफियत |
|---|---|---|
| वेलिव्रिज देखि पिपलवोट सम्म तटवन्ध निर्माण | १५ लाख | |
| ११ नं. वडा कार्यालय तला थप | १५ लाख | |
| चन्द्र मा.वि. भवन निर्माण | ३० लाख | |
| भवानी आ.वि. अनारखोली भवन निर्माण | १८ लाख | |
| सुपन्यार देखि पिपलगडा सम्म सडक निर्माण | १० लाख | नगरपालिका अंश २० लाख प्रशासनिक भवन जाने वाटो निर्माणको |
| खाउला देखि पन्यार सम्म सडक निर्माण | १० लाख | |
| १० नं.वडा कार्यालय सडक तथा फिल्ड निर्माण | ९लाख | १० नं. वडा कार्यालय सडक तथा फिल्ड निर्माण |
| १० नं.वडा कार्यालय सडक मर्मत तथा सरसफाई | ६ लाख | |

७१ **वाह्य ब्यक्तिलाई अनुगमनः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **९,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **७,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **७,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **७,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७२ **श्रेस्ता पेश नभएकोः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा खर्चको बिल भर्पाइ संलग्न हुनुपर्ने व्यवस्था छ ।नगरपालिकाले देहायवमोजिम वजेट खर्च लेखेको गौश्वरा भौचर, वील भर्पाई समेत लेखापरीक्षणको क्रममा पेश नभएकोले प्रमाण वेगर खर्च लेखेको रकम रु २,५५,८००।-खर्च लेख्न आदेश दिने र खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु.

| भौ.नं. | खर्च शिर्षक | भुक्तानी पाउनेको नाम | रकम रु. |
|---|---|---|---|
| ४१८-२०८१।३।२४ | | धनवहादुर धामी | ९३००० |
| ४२२-२०८१।३।२४ | भ्रमण | रमेश वहादुर कार्की | ९०००० |
| ४०२-२०८१।३।२४ | | त्रिलक्ष्मि एडभरटाईजिङ सर्भिसेज | ७२८०० |
| | जम्मा | | २५५८०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५५,८०० |

७३ **वढि भुक्तानीः**

नगरपालिकाले स्वीकृत नर्म्स भन्दा फरक राखी लागत अनुमान तयार गर्दा उपभोक्ता समितीलाई वढि भुक्तानी सम्वन्धमा देखिएका ब्यहोरा निम्नानुसार छन्

७३.१ लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स र दररेट किफायती हुनुपर्दछ। निर्माण सम्वन्धी पि.सि.सि. तथा आर.सि.सि कार्यको दर विश्लेषण गर्दा सडक विभागले जारी गरेको नर्म्स २०७५ अन्य नर्म्स भन्दा किफायती देखिन्छ।साथै लागत अनुमान तयार गर्दा प्राविधिकले स्थानियस्तरमा उपलब्ध नहुने सामानको दर विश्लेषण गर्नु हुदैन।पालिकाले पि.सि.सि. तथा आर.सि.सि. गर्ने कार्यको लागी

चाहिने गिट्टी स्थानिय स्तरमा ४० एम.एम.डाउन रोडा गिट्टी हातले कुटेको मात्र प्रयोग हुने अवस्थामा क्रसरद्धारा टुक्र्याईएको फरक फरक साईजको दर राखी लागत अनुमान तयार गर्दा देहायका योजनामा उपभोक्ता समितीलाई रु.७४,१३१।-वढि भुक्तानी गरेको पाईयो ।स्थानिय स्तरमा उपलब्ध नहुने सामाग्रीको दर राखी लागत अनुमान तयार गर्ने प्राविधिकलाई जिम्मेवार वनाई वढि भुक्तानी रु.७४,१३१। -असुल गर्नुपर्ने रु.

| योजनाको नाम | एम २० परिमाण | एम १५ परिमाण | राखेको दर | ४० एम एम डाउन गिट्टी राख्दा हुने दर | फरक | उपभोक्ता अंश पछीको वढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| चन्द्र मा.वि.भवन निर्माण | | १०.२१ | १४२२८.६९ | १४४४४.६९ | २२०४ | ३२५८६ |
| | ८६.१७ | | २१९४४.५२ | २१४२२.५२ | ४४९८०.०४ | |
| भैरव आ.वि. भवन निर्माण | | ७.४८ | १४०८९.९३ | १४०१०.०५ | ५९७.८७ | ८५०६ |
| | २१.१२ | | २१४५०.७९ | २१००५.२३ | ९४१०.२२ | |
| हरिश्चन्द्र आ.वि. भवन निर्माण | २३.४१ | | १४१०६.३६ | १४०२३.८६ | ५३३.७७ | ११२४२ |
| | | ६.४७ | २१५५९.४१ | २१०१७.२१ | १२६९२.९० | |
| महादेव आ.वि. भवन निर्माण | १४.७० | - | २२५९६६५. | २१९८६.१२ | ९९८८.२१ | ८४९० |
| वेरुकाँडा वर्थीङ सेन्टर भवन निर्माण | | २.८६ | १५४९७.४३ | १५२३०.७० | ७६३.६२ | ५३७१ |
| | ९.८७ | | २२३१७.२० | २२८८०.०३ | ५५५६.८१ | |
| महादेव मन्दीर भान्सा घर निर्माण | | ४.८१ | १४३१३.७८ | १४७६४.१३ | २१६९.३१ | २१६८ |
| | ९.७३ | | २१७२४.१३ | २२१२६.७९ | ३९११.४६ | |
| महादेव मन्दीर निर्माण | | ३.७७ | १४९१२.४१ | १५१८०.९६ | १०१०.३६ | ५७६८ |
| | १३.२८ | | २२१३२.४१ | २२५६७.६ | ५७७६.८० | |
| जम्मा | | | | | | ७४१३१ |

| असुल गर्नुपर्ने | ७४,१३१ |
|---|---|

७३.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ।सडक विभागको सडक तथा पुल निर्माण कार्यको दर विष्लेषण नर्म्स २०७५ को २९.१९ वमोजिम Landslide Clearance कार्यको नर्म्समा जिल्ला दररेट अनुसारको दर राखी दर विश्लेषण गर्नुपर्नेमा नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम योजनामा उपभोक्ता समितीलाई Landslide Clearance कार्यमा फरक दर राखी रु. ८९३०६४।-वढि भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु

| योजनाको नाम | परिमाण | भुक्तानी हुनुपर्ने | भुक्तानी गरेको | फरक | उपभोक्ता अंश पछीको वढि रकम रु. |
|---|---|---|---|---|---|
| वडा नं. १० सडक मर्मत | १०९९९.८९ | ५३.९ | ७५.२ | २१.३ | १९९१५३ |
| टाक्सीगाड सैनोडी थकल्टा धुलकाडा सडक मर्मत | २५१८४ | ५४.२४ | ८३.८४ | २९.६ | ३४४५९५ |
| झापा टाक्सीगाड हिनगाडा हुदै सुवालेक सडक मर्मत | २५९६४.२६ | ५४.२४ | ८३.८४ | २९.६ | ३४९३१६ |
| जम्मा | | | | | ८९३०६४ |

| असुल गर्नुपर्ने | ८,९३,०६४ |
|---|---|

७३.३ सडक विभागको सडक तथा पुल निर्माण कार्यको दर विष्लेषण नर्म्स २०७५ को ८.२ अनुसार ढुङ्गा कलेक्सन तथा ८.८ मा ढुवानीको दर विश्लेषण गर्ने नर्म्स दिईएको छ।नर्म्स अनुसारको परिमाण र जिल्ला दररेट अनुसारको दर राखी लागत अनुमान गर्दा आठपाली देखि लुङ्डा सम्म सडक निर्माणको लागत अनुमान तयार गर्दा ढुङ्गा ढुवानीको लिड दिदा सडक विभागले तोकेको ढुँगा ढुवानीको लिडमा नर्मसले तोके भन्दा बढी जनशक्ति र मिटर राखी लागत अनुमान तयार गरी योजना कार्यान्वयन गर्दा ग्याबियन जाली भर्ने कार्यको लागी प्रति घनमिटर ढुङ्गाको दर रु २४१६ हुनुपर्नेमा रु.३९०१ दर राखी लागत अनुमान तयार गर्दा प्रति घनमिटर जाली भर्ने कार्यको लागी रु १६३२।९ फरक दर भई ५४ घनमिटरको रु. ८८,१८६ मा उपभोक्ता अंश कटाई रु.७४,६६७।–थप ब्ययभार परेको पाईयो। फरक दर राखि दर विश्लेषण हुदा आठपाली देखि लुङ्डा सम्म सडक निर्माणमा थप ब्ययभार परेको रकम नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ७४,६६७ |

७३.४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । भवन विभागको स्वीकृत नर्म्समा फर्माको काममा ६ पटक सम्म प्रयोग हुने गरी लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ ।नगरपालिकाले फर्माको लागत अनुमान तयार गर्दा नर्म्स भन्दा फरक लागत अनुमान तयार गरी सोही वमोजिम मूल्याङ्कन गरी भुक्तानी गरेको छ ।स्वीकृत नर्म्स भन्दा बढी दर राखी देहायको योजनामा उपभोक्ता समितिलाइ देहाय बमोजिम रु. १,०१,१७८।-बढी भुक्तानी भएको छ । बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| भौ.नं. | योजनाको नाम | परिमाण (घ.मी.) | भवन विभागको नर्म्स अनुसारको दर | कार्यालयले राखेको दर | फरक | उपभोक्ता अंश पछीको वढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४७-२०८०।७।१७ | दुर्गा आ.वि.,शौचालय निर्माण | १.४४ | ६९०.३१ | १२५६.७६ | ५६६.४५ | ६२२ |
| १०३-२०८०।८।१५ | केदार मा.वि,शौचालय निर्माण | १५.०८ | ६९०.३१ | १०६०.२ | ३६९.८९ | ४२५९.३१ |
| १०१-२०८०।८।१५ | भवानी प्रा.वि.शौचालय निर्माण | ३.५९ | ६९०.३१ | ३१८०.३१ | २४९० | २०६८.६९ |
| ९८-२०८०।८।१४ | सिताराम मा.वि. भवन निर्माण | ८६.४ | ६९०.३१ | १०६० | ३६९.६९ | २१८३५ |
| ९१-२०८०।८।१३ | नाईस आकाशे ट्याङ्की निर्माण | ३२.६४ | ६९०.३१ | १०६०.३५ | ३७०.०४ | १०५८०.४२ |
| २१-२०८०।७।३ | भुवनेश्वरी आधारभुत विद्यालय भवन निर्माण | १५.२४ | ६९०.३१ | १०५९.९३ | ३६९.६२ | ४६३५ |
| ८३-२०८०।८।२१ | लटिनाथ आ.वि. भवन निर्माण | १८९.३३ | ६९०.३१ | १०६०.१४ | ३६९.८३ | ५७१७८ |
| जम्मा | | | | | | १०११७८.४२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,१७८.४२ |

७३.५ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ।सडक निर्माणको लागी सडक विभागको सडक तथा पुल निर्माण कार्यको दर विष्लेषण नर्म्स २०७५ को ९.१ मा सडक कटिङ्गको दर विश्लेषण नर्म्स दिईएको छ। नर्म्स अनुसारको परिमाण र जिल्ला दररेट अनुसारको दर राखी दर विश्लेषण गर्नुपर्नेमा फरक परिमाण राखी दर विश्लेषण गरेको पाईयो।नगरपालिकाले सडक निर्माण देहाय बमोजिम स्वीकृत

नर्म्स र प्रचलित जिल्ला दररेट भन्दा फरक राखी उपभोक्ता समितिलाई भुक्तानी गरेकोले बढी दर राखी भुक्तानी गरेको रकम रु. १,६३,६२१।-असुल गर्नुपर्ने रु

| भौ.नं. | योजनाको नाम | कामको विवरण | परिमाण | सडक विभागको नर्म्स अनुसार हुने दर | कार्यालयले राखेको दर | फरक | उपभोक्ता अंश पछीको वढि रकम रु. |
|---|---|---|---|---|---|---|---|
| ५३-२०८०।७।२३ | गुएला वजार सडक निर्माण | All types of soil | २१३१.८ | ७६.१९ | ८३.८४ | ७.६५ | ७८७६ |
| | | Ordinary rock | ७५०.२६ | २२८.५६ | २५१.५१ | २२.९५ | |
| | | Hard rock | ८३.०५ | २११९.७४ | १८८६.३३ | (२३३.४१) | |
| १८-२०८०।७।३ | विरावगर देखि डिल खोचा हुदै तम्तोलीसम्म सडक निर्माण | Ordinary soil | २४१२.३८ | ७६.१९ | ७८.०६ | १.८७ | ५८३६४ |
| | | Hard soil | २४१२.३८ | ७६.१९ | १०३.८५ | २७.६६ | |
| ४५-२०८०।७।१७ | काटेदेखि कचाली सडक निर्माण | All types of soil | ४३३९.७८ | ७६.१९ | ९४.२८ | १८.०९ | ९२२०२ |
| | | Ordinary rock | ५१७.६८ | २२८.५६ | २८२.८४ | ५४.२८ | |
| ५१-२०८०।७।१९ | साउने खोला सडक | All types of soil | १४३७.९ | ७६.१९ | ८३.८४ | ७.६५ | ५१७९ |
| जम्मा | | | | | | | १६३६२१ |

| असुल गर्नुपर्ने | १,६३,६२१ |
|---|---|

७३.६ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ ।भवन विभागको दर विश्लेषण नर्म्स २.२ मा माटो खन्ने कामको लागी नरम माटोमा प्रतिघनमिटर ०.७ अदक्ष श्रमिक र कडा माटोमा ०.८ अदक्ष श्रमिकलाग्ने उल्लेख छ।नगरपालिकाले लागत अनुमान तयार गरेको देहायका योजनामा फरक दरले अदक्ष श्रमिक राखि लागत अनुमान तयार गरी सोही बमोजिम मूल्याङ्कन गरेकोले कडा माटो खन्ने कार्यमा प्रतिघनमिटर रु ६१२.८५ ले भुक्तानी गर्नुपर्नेमा फरक दर राखी भुक्तानी गरेवाट प्रतिघनमिटर रु ७७९.२ ले बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितीवाट असुल हुनुपर्ने रु.

| भौ.नं. | योजनाको नाम | कामको विरण | कामको परिमाण | दिनुपर्ने दर | दिएको दर | फरक | उपभोक्ता अंश पछीको वढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ५-२०८०।७।२ | सट्टाय सिंचाई कूलो | Earth Work in BMS | ६९.३२ | ६१२.८५ | १३९२.०५ | ७७९.२ | ४७७०७ |
| ३२-२०८०।७।१ | गंगानी झोलुङ्गे पुल | Earth Work in BMS | २१.५८ | ६१२.८५ | १३९२.०५ | ७७९.२ | १५६०१ |
| ४६-२०८०।७।१७ | सिमानी सिंचाई कूलो | Earth Work in BMS | ५१.६ | ६१२.८५ | १३९२.०५ | ७७९.२ | २६५१६ |
| ९८-२०८०।८।१४ | सिताराम मा.वि. | Earth Work in BMS | ४.५९ | ६१२.८५ | १३९२ | ७७९.२ | २४४५ |
| १०१-२०८०।८।१५ | भवानी मा.वि. | Earth Work in BMS | १.७१ | ६१२.८५ | १३९२.०५ | ७७९.२ | ११०९ |
| जम्मा | | | | | | | ९३३७८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३,३७८ |

७३.७ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ।सडक विभागको सडक तथा पुल निर्माण कार्यको दर विष्लेषण नर्म्स २०७५ को ८.२ म ढुङ्गा कलेक्सन तथा ८.८ मा ढुवानीको दर विश्लेषण गर्ने नर्म्स दिईएको छ।नर्म्स अनुसारको परिमाण र जिल्ला दररेट अनुसारको दर राखी लागत अनुमान तयार गर्नुपर्नेमा नगरपालिकाले फरक दर राखी ग्याबियन जाली भर्ने कार्यमा दर विश्लेक्षण गर्दा रु.३,४९,७९५। वढि भुक्तानी गरेको पाईयो।वढि भुक्तानी दिएको रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु

| योजनाको नाम | कामको परिमाण | दिनुपर्ने दर | दिएको दर | फरक | उपभोक्ता अंश पछीको वढि भुक्तानी |
|---|---|---|---|---|---|
| वेलिब्रिज देखि पिपलवोट सम्म तटवन्ध निर्माण | ३११ घ.मी. | ३५००.६९ | ३८१६.०५ | ३१५.३६ | ८६५२२ |
| निमिलिगाड तटवन्ध | ४२.७५ | ३८१६ | ४८२४.६० | १००८.६ | ३८१९४ |
| खोल्लेक खेल मैदान | १३७ | ४४९९.७ | ६४३६.०३ | १९३६.३३ | २२५०७९ |
| जम्मा | | | | | ३४९७९५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४९,७९५ |

७४ **गुणस्तर परिक्षण र नियन्त्रणः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३(१ग) र सो को नियमावलीको नियम १११(१ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वियन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने ब्यवस्था छ । ठेक्का सम्झौताका दफाहरुले गुणस्तर माथी कार्यालय प्रमुखको प्रत्यक्ष नियन्त्रण रहने ब्यवस्था गरेको छ।पालिकाले यस वर्ष रु.१२,६७,५१,४८५।-को पूँजीगत खर्च गरेकोमा गुणस्तरीय निर्माणको लागी गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) तयार गरी जनशक्ती सहितको प्रयोगशाला स्थापना गर्नुपर्नेमा नगरेको,निर्माण कार्यमा गरिएका नमुना परिक्षणहरु सिलवन्दी परिक्षणको अधारमा गर्नुपर्नेमा खुला नमुना प्रयोग गरेको,प्राविधिकहरु निर्माणस्थलमा उपस्थीत भई निरिक्षण अभिलेख र साईट डायरी राखी कामको गुणस्तर कायम गर्नुपर्नेमा निरिक्षण अभिलेख र साईट डायरी राख्ने जस्ता गुणस्तर परीक्षण भएको सुनिश्चित हुने अभिलेख राखेको पाईएन।निर्माण ब्यवसायीलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाई त्यसको आधारमा सिमेन्ट,डण्डी,ईटा,ढुङ्गा,गिट्टी,वालुवा,जि.आई.तार,कंक्रीट क्युव लगायतका निर्माण सामाग्रीको गुणस्तर परिक्षण गरी उक्त परिक्षणवाट उपयुक्त देखिएका गुणस्तरयुक्त निर्माण समाग्री प्रयोग गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

७५ **क्रस सेक्सनः** सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा work design तयार गर्नुपर्दछ। निर्माण कार्यमा नया कटिङ,विस्तार,ग्यावियन जाली,रिटेनिङ् वाल, जस्ता स्टक्चरको कार्य भएकोमा work design तयार नगरेकोले वास्तविक भए गरेका कार्यको सम्वन्धमा स्पष्ट हुन सकिएन।निर्माण कार्यको ठेक्का ब्यवस्थापन गर्दा work design तयार गर्नुपर्दछ।

७६ **योजनाको अभिलेख तथा हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समिति वा लाभग्राही समूदायले निर्माण कार्य सम्पन्न गरेपछी सोको अभिलेख राखी रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी उपभोक्ता समितिलाइ हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ।गाउँपलिकाले आफ्नो कार्य क्षेत्र भित्रको उपभोक्ता समिति वा लाभग्राही समूदायले निर्माण गरेको आयोजनाको अभिलेख राखी मर्मत सम्भारको जिम्मेवारी सहित उपभोक्ता समितिलाइ हस्तान्तरण गरेको पाइएन । अतः नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

७७ **भ्रमण खर्चः**

७७.१ भ्रमण खर्च नियमावली २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा आफ्नो कार्यालय वाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले तोकिएवमोजिम भ्रमण खर्च पाउने ब्यवस्था छ।पालिकाले देहायवमोजिम कार्यक्रममा उपस्थितिको लागी पत्राचार भएको समयभन्दा फरक समयको नगरप्रमुख जय वहादुर धामीलाइ रु.२२०००।- भ्रमण खर्च लेखेको पाईयो।कार्यक्रम भएको भन्दा फरक समयको भ्रमण खर्च लेखेको रकम नियमित हुनुपर्दछ।

| कार्यक्रम भएको समय | भ्रमण अवधी | रकम रु. |
|---|---|---|
| जेठ १६ र २३ गतेको चैनपुर जिल्ला समन्वय समिती वैठक, | २०८१ आषाढ ५ देखि ८ चैनपुर | ११००० |
| २०८०।८।१८ गतेको खेलकूद समितीको वैठक | २०८० मंसिर ५ देखि ११,चैनपुर | ११००० |
| जम्मा | | २२००० |

| अनियमित भएको | २२,००० |
|---|---|

७७.२ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२६,२०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

७८ **स्थलगत निरिक्षणः**

**स्थलगत निरिक्षणः** कार्यालयले यस वर्ष सञ्चालन गरेका योजनाहरुको वर्षात,पहिरो तथा सवारी साधनको अभावको कारण स्थलगत अनुगमन गर्न सकिएको छैन।कार्यालयले पेश गरेको श्रेस्ता कागजात प्राविधिक मूल्याङ्कनको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

७९ **नपुग विलभरपाई** -

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८० **दाखिला हुन बाँकी राजस्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा

राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ११ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु २३२८५२२। असुली भएकोमा रु २२९९१२८ मात्र दाखिला भएको पाइएकोले बाँकी रकम दाखिला गर्नुपर्ने रु..

| **क्र सं** | **वडा नं** | **आय शिर्षक** | **दाखिला गर्न बाँकी** | **कैफियत** |
|---|---|---|---|---|
| १ | १ | राजस्व | १२७७९ | व्याज सहित |
| २ | पालिका (लोकेन्द्र ब. विष्ट) | राजस्व | २३२७ | व्याज सहित |
| ३ | पालिका (शिभराम जोशी) | राजस्व | १३९५० | व्याज सहित |
| जम्मा | | | २९०५६ | |

| असुल गर्नुपर्ने | २९,०५६ |
|---|---|

८१ **रसिद नियन्त्रण खाता**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । पालिकाले नयाँ रसिद छपाई नगरेको र पुरानै प्रयोग गरेकोमा अघिल्लो आ.व.को बाँकी रसिद के कति छन यकिन गर्न सकिएन । वडा न. १० ले आ.व. २०८०।८१ मा नगदी र मालपोत दुवै रसिद नलगेको र २०८० माघ २२ देखि अनलाइन मार्फत राजस्व संकलन सुरु गरेको देखिन्छ तर माघ महिना भन्दा अघि राजस्व संकलन गरेको सम्बन्धमा स्पष्ट हुन नसकिएकोले पालिका स्वंयमले यकिन गर्नुपर्दछ । पालिकाले सबै वडाहरुमा राजस्व व्यवस्थापन सुचना प्रणाली लागु गरी राजस्व संकलन गर्ने र संकलित राजस्व कानूनले तोकेको अवधि भित्र दाखिला गराउनु पर्दछ ।

८२ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको भुक्तानी गर्दा विल भरपाई संलग्न गरी रीत पुगे नपुगेको चेक जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले गौ.भौ.न. ६६-२०८०।१०।१० बाट आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद तथा ढुवानी प्रयोजनमा २०८०।०८।२४,२५,२६ र २७ गतेको लागि करे धामी सँग गाडी भाडामा लिएकोमा सम्झौतामा कर कट्टि पछि ३०६००।– भुक्तानी गर्ने उल्लेख भएकोमा रु ४४१००।– भुक्तानी दिएको र बढी भुक्तानी सम्बन्धमा कुनै बिल भरपाई पेश नभएकोले बढी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | १३,५०० |
|---|---|

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय नेतृत्व विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी , कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थापित भएको स्थानिय तहले जनताले पाउने सेवा सुविधा स्थानिय स्तरमा वसी सेवा प्रवाह गर्नुपर्नेमा सम्पर्क कार्यालय राखी जयपृथ्वी नगरपालिक वडा नं १० का घरधनि दान वहादुर सुर्मेलीसगँ सम्झौता गरी मासिक रु २७००० का दरले वार्षिक रु ३२४००००।० भुक्तानी गरेको देखियो । स्थानिय सरकार सञ्चालन ऐनको भावना अनुरुप सदरमुकाममा सम्पर्क कार्यालय राखी घरभाडा वापतको रकम भुक्तानी गरी व्ययभार बढाउने कार्यमा नियन्त्रण हुनुपर्दछ। | 0.00 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बुंगल नगरपालिका, बझाङ , बुन्गल नगरपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नरेश कुँवर | २०८०-१२-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गजाधर सार्की | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,४३०,६३१.४२ | ७,२९८,६१९ | २०,९९७,८९७ | ० | ० | ९,५११,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४५,२३८,१४७.४२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,८०८,३८६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४३,४२९,७६१.४२ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४४४५८९७४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४५६५७७३७२ | चालु खर्च | ४८२११९२०६ |
| प्रदेश सरकारबाट अनुदान | २५२३०००० | पूँजीगत खर्च | १२६७५१४८५ |
| राजश्व बाँडफाँट | १२०३५९७०७ | वित्तीय/अन्य व्यवस्था | २११०४३३५२ |
| आन्तरिक आय | ६४०९०४४.० | | |
| अन्य आय | १८७८४०५६२ | | |
| कुल आय | ७९६४१६६८५ | कुल खर्च | ८१९९१४०४३ |
| बाँकी मौज्दात | | २०९६१६१६ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनियता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।